# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठिभूमि

शिक्षा विकाशको पूर्वाधार तथा मानव जीवन यापनको आधार हो । शिक्षाले मानिसका अर्न्तनिहित प्रतिभाहरुलाई प्रष्फुटन गराएर व्यक्तिभित्रका हिनभावना संकुचित विचार हटाएर व्यवहारिक ढंगले समय सापेक्ष आवश्यकता पूरा गर्न सचेत सक्षम एवं सवल वनाउन सक्छ । आज संसारमा नयाँ नयाँ सृष्टि सवै शिक्षावाट नै सम्भव भएकोले शिक्षालाई सृष्टिका लागि नयाँ दृष्टि भन्ने वाक्यले प्रमाणित गरिदिएको छ । शिक्षावाट प्रत्येक व्यक्तिको जीवन सवल र सफल वनेको छ । अतः शिक्षा एउटा तयारीमात्र हैन जीवन नै हो । संसार परिवर्तनशील छ । परिवर्तनशिल संसारमा परिवर्तित परिस्थिति अनुसार व्यक्ति समाज र राष्ट्रलाई प्रगतिको मार्गमा अगाडि वढाउदै सक्षम, सिपयुक्त अनुभवी दक्ष, अनुशासित जनशक्ति निर्माण गरी विद्यालय चुनौतिको सामना गर्न र भविष्यको लागि मार्ग निर्देशन गर्ने महत्वपूर्ण माध्यम शिक्षा नै हो । शिक्षा व्यक्ति र समाजको आवश्यकतामा भर पर्दछ ।, शिक्षा आत्म प्रयत्न र प्रत्यक्ष संलग्नतावाट मात्र प्राप्त गर्न सकिन्छ । जवसम्म व्यक्ति शारीरिक र मानसिकरुपले सक्रिय भई विविध क्रियाकलापमा प्रत्यक्ष संलग्न हुदैन, तवसम्म शिक्षाप्राप्त गर्न सम्भव हुदैन । शिक्षा चेतनशील, नियमित तथा अनियमित मनोवैज्ञानिक, समाजिक, वैज्ञानिक तथा दार्शनिक वातावरण समवन्धि एउटा प्रक्रियाको रुप हो । यसवाट व्यक्तिको सर्वाङ्गिण विकास हुन्छ र समाजको विकाशमा मद्दत पुग्दछ किनकी शिक्षा नै व्यक्ति र समाजको अन्तिम लक्ष्य प्राप्त गर्ने माध्यम हो (भट्टराई, २०६९) ।

शिक्षा व्यक्तिको जन्मजात अधिकारको रुपमा स्थापित भैसकेकोले यसलाई पुरागराउने दायित्व सरकारको हो । शिक्षा औपचारिक अनौपचारिक, अनियमित, आकस्मिक रुपको हुन सक्छ । आफ्नो सम्पूर्ण नागरिकहरुलाई सरल सहज एवं प्रभावकारी ढंगले शिक्षा प्रदान गर्ने दायित्व राज्यको हो भने नीजि क्षेत्रले पनि त्यसमा अहं भूमिका निभाउदै आएको छ र निभाउनु पर्दछ । विद्यालय/विश्वविद्यालय जानेउमेरका वालवालिकाहरुमा सर्वसुलभ शिक्षा प्रदान गर्ने राज्यलेसामुदायिक विद्यालयहरुमा लगानी वढाउनु जरुरी छ भने नीजि क्षेत्रसंग पनि आवाश्यक नीति निर्माण गरी विश्वासिलो वातावरण निर्माण गरेर साभा लक्ष्य निर्माण गरी हातेमालो गरी अघि वढनु आवाश्यक रहेको छ । साझेदारीकै माध्यमवाट लगानी गरी शिक्षण क्रियाकलाप तथा

भौतिक सुविधाको विकाश र व्यवस्थापन हुदै आएको पनि छ । राज्यको विकेन्द्रीकरण धारणा अनुसार स्थानिय निकायले समेत योजना वनाई स्तर र तह अनुसार कार्यान्वयन गर्दै आएका छन् । देशको शैक्षिक क्षेत्र उकास्न र शिक्षामा समावेशीकरण गर्न देशको वार्षिक वजेटको करीव २०% रकम

शिक्षा क्षेत्रमा खर्च गर्न थालिएको छ तर यो रकमको अधिकांश हिस्सा सामुदायिक विद्यालयका शिक्षकहरुको तलव भत्ता एवं सुविधा मानै खर्च भएकोले विद्यालयको भौतिक विकाश, सुधार र वालवालिकाहरुको सेवा र हितमा ध्यान दिएको पाइदैन । सामुदायिक विद्यालयमा राज्यको पूर्ण लगानी भएर पनि त्यसको उपलब्धि निजीक्षेत्रको भन्दा न्यून छ (ऐजन) ।

नेपाल आज आर्थिक सामाजिक एवं शैक्षिक दृष्टिकोणले विकाशको प्रगति पथमा वढ्दै आएको छ । नेपालमा अहिले पनि २३% भन्दा वढी मानिसहरु गरीवीको रेखामुनी रहेका छन् । करीव १३ लाख विद्यालय जाने उमेरका वालवालिकाहरु विद्यालय शिक्षावाट वञ्चित रहेका छन् । विचैमा कक्षा छाडने अनुपात अत्यन्त उच्च छ । गरिवीको कारणले अधिकांश वालवालिकाहरुविद्यालय सुविधा (निःशुल्क) शिक्षा लिने अवसरवाट समेत वन्चित रहेका छन् । यद्यपि वर्तमान परिवेश सम्म आइपुग्दा नेपालले आफ्नो शिक्षा विकाशको लागि कयौ घुम्ती र मोडहरु पार गरिरहेको छ ।

नेपालमा सरकारी तर्फवाट शिक्षाको विकाश हेर्दा जंगवहादुर राणाले वेलायत भ्रमणवाट फर्केपछि वेलायतको शिक्षा प्रणाली र खासगरी राणा खान्दानका सन्तानहरुलाई अङ्ग्रेजी शिक्षा दिन वि.सं. १९१० आश्विन ७ गते थापाथलीको ढाख चोकमा अङ्ग्रेजी प्रारम्भिक स्कुल स्थापना गरे( अधिकारी, २०६७) । यस स्कुलमा राजाका छोरा छोरी तथा राणाका सन्तानलाई शिक्षा दिने व्यवस्था मिलाइएको थियो तर सर्वसाधारणलाई यो स्कुलको वारेमा जानकारी नै थिएन । दरवारको कोठामा स्थापना गरेकोहुनाले स्कुलको नाम पनि दरवार हाइस्कुल राखियो ।दरवार स्कुलमा वि.सं. १९३२ मा धीरशम्सेर डाइरेक्टरमा नियुक्ति भएपछि विद्यार्थी भर्नामा केहि खुकुलो गरी भाइभारदारका छोराहरुले समेत प्रवेश पाउने व्यवस्था मिलाइयो ।

विद्यालय शिक्षा विकाशको क्रममा वि.सं. १९४२ मा तत्कालीन प्रधानमन्त्री वीरशम्सेरको पालामा दरवारस्कुलमा सर्व साधारण जनताका छोराछोरीले प्रवेश पाउने व्यवस्था भयो । शैक्षिक

विकाशको क्रम विस्तार वढ्न थालेअनुरुप वि.सं. १९३२ मा वालवम्हाचारी षडानन्द अधिकारीले भोजपुर जिल्लाको  दिङ्गलामा संस्कृत पाठशालाको स्थापना गरे तर सरकारी तवरवाट भने वि.सं. १९३४ मा रणोद्दीपको पालामा रानी पोखरीमा संस्कृत पाठशाला स्थापनावाट भएको पाइन्छ (ऐजन) । विद्यालयस्थापनाकै क्रममा वि.सं. १९४३ वैशाख ४ गने तीनधारा संस्कृत पाठशालाको स्थापना गरिएको थियो । यस विद्यालयमा छात्रवासको व्यवस्था गरिएको थियो भने देवशम्सेरले वि.सं. १९५७ चैत्र १५ गतेका दिन १६ वटा पाठशालाको व्यवस्था गरेका थिए ।

देवशमसेरले पाठशाला खोल्न ३ लाख रुपैयाँ सरकारी कोषवाट छुट्याइदिएका थिए । उनले अधिराज्य भरमा ३०० वटा पाठशाला खोल्ने योजना वनाएकामा जम्मा ५७ वटा पाठशाला खोलेका थिए । देवशमसेरले विद्यार्थीहरुलाई लेख्ने सिलोट र अक्षरांक शिक्षा नामको पुस्तक निःशुल्क वितरण गर्ने व्यवस्था मिलाएका थिए । जय प्रकाशवहादुर सिंहद्धारा लिखित उक्त पुस्तक प्रा.वि. तहको लागि तयार पारिएको थियो (ऐजन) ।

राणाशासन कालको विद्यालय स्थापना र विकाश गर्ने शिलशिलामा चन्द्र शम्सेरले देवशमसेरले खोलेका धेरैजसो विद्यालय वन्द गराएपनि वि.सं. १९७२ मा सिरहामा चन्द्रमिडिल स्कूलको स्थापना गरे । त्यस्तै वि.सं. १९८० मा कन्या पाठशालाको स्थापना गरे । वि.सं. १९६२ मा स्रेस्ता पाठशालाको स्थापना गरे । वि.सं. १९८५ मा नेपालमा आयुर्वेदिक पाठशालाको स्थापना भयो । चन्द्रशम्सेरको प्रधानमन्त्रीत्व कालको अन्त्यतिर नेपाल अधिराज्यमा ५८ वटा भाषापाठशाला, ९ संस्कृत पाठशाला, १ आर्युवेद पाठशाला तथा अङग्रेजी र फुटकर पाठशाला गरी जम्मा १०८ वटा पाठशाला खुलेका थिए । शैक्षिक इतिहासकैक्रममा वि.सं. १९९० कार्तिक १२ गते एस.एल.सी. परीक्षा वोर्ड गठन भयो । वि.सं. १९९६ माघ ८ मा जुद्धशम्सेरको पालामा सर्वसाधारणले स्कुल खोल्दा अपनाउनुपर्ने शिक्षा सम्बन्धी इस्तीहार जारी गरियो । राज्यको सहायता र जनस्तरमा खोलिएका विद्यालयका विद्यार्थीहरुलाई सुचारु र व्यवस्थित रुपले सञ्चालन गर्ने कानुन पहिलो पटक नेपालको लागि यहिनै थियो । वि.सं. २००५ भाद्रमा काठमाडौंमा मण्टेश्वरी पूर्व प्राथमिक विद्यालयको स्थापना भएको थियो । यसरी समग्रमा राणाकालको अन्त्य हुँदा ९८% नेपाली निरक्षर थिए । राज्यले शिक्षाप्रति उदासीन दृष्टिकोण राखेकै कारणले शिक्षाको विकाश हुनसकेन । सर्वसाधारणका छोराछोरीलाई निःशुल्क पढाइएको व्यवस्था नभएकोले नि :शुल्क पाठ्यपुस्तक वितरण नाममा मात्रै सिमित रह्यो । २००७ साल फाल्गुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना हुँदा

नेपालमा मा.वि.को संख्या ११, प्रा.वि. ३२१ र महाविद्यालय १तथा साक्षरता प्रतिशत २ मात्र थियो । वि.स. २००७ सालमा आएको राजनैतिक परिवर्तन पश्चात जनताको चाहना र इच्छा अनुसार शिक्षा तथा विद्यालयलाई व्यवस्थित गर्न अपनाउनु पर्ने उपाय अवलम्वन गर्न वि.स. २०१० सालमा नेपाल राष्ट्रिय शिक्षा ओजना आयोग राज्यको तर्फवाट गठन गरियो जसले 'नेपालमा शिक्षा २०११ नामक प्रतिवेदन सरकारलाई वुझायो । उक्त प्रतिवेदनले प्रा.वि. शिक्षा निःशुल्क गर्ने अवधारणा ल्याइएको थियो जून लागु हुन सकेन् (भट्टराई, २०६९) ।२०१९ सालमा नेपालमा पहिलो शिक्षा ऐन जारी गरियो । त्यसैको आधारमा २०२३ सालमा शिक्षा नियमावली जारी गरियो र पुनः २०२५ सालमा ऐन तथा नियमावली संसोधन सहित जारी गरियो ।

फलस्वरुप नेपालको झापा जिल्लाको वुधवारे गा.वि.स.मा सर्वप्रथम निःशुल्क प्राथमिक शिक्षाको शुरुवात गरियो (लामिछान र साथीहरु २०६५) ।

प्रचलित शिक्षापद्धतिको सिंहावलोकन गरी आवाश्यक भए सिफारीस गर्न २०१४ मार्ग १४ गते राष्ट्रिय शिक्षापरिषद गठन भयो । यो परिषद पुनः २०१६ सालमा गठन भयो । २०१७ साल वैशाख १ गते देखि लागुहुनेगरी कक्षा १-५ सम्म प्राथमिक र ६-८ सम्म नि.मा.वि. तहको पाठ्यक्रम प्रकाशित गरियो । २०१५ साल मंसीर ११ गते आगामी १० वर्ष भित्रमा अनिवार्य निःशुल्क प्राथमिक शिक्षाको व्यवस्थ गर्ने घोषणा गरेका थिए।वि.स. २०१६ साल पौषमा कराँचीमा भएको एशियाली मुलुकहरुको मन्त्री स्तरीय सम्मेलनमा सन् १९८० सम्ममा सर्वव्यापी अनिवार्य निःशुल्क प्राथमिक शिक्षा उपलब्ध गराउने प्रस्ताव गरिएको थियो । त्यसैको फलस्वरुप नेपालको झापा जिल्लाको बुधवारे गा.वि.स. मा सर्व प्रथम निःशुल्क प्राथमिक शिक्षाको शुरु गरियो (धितालर साथीहरु २०६९)।शैक्षिक सुधारकै क्रममा २०१८ साल बैशाख २५ गते विश्वबन्धुथापाको अध्यक्षतामा १२ सदस्य सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन गरियो  उक्त समितिले १८ साल असार २५ गते आफ्नो प्रतिवेदन सरकार समक्ष प्रस्तुत गर्‍यो । उक्त समितिले प्रस्तुत गरेका धेरै कुराहरु कार्यान्वयनमा आएनन् । २०१९ सालमा नेपालमा शिक्षा ऐन जारी गरियो र त्यही सालमा नियमावली जारी गरियो र पुन : २५ सालमा नियमावली संसोधन गरियो ।

शिक्षा विकाशको आधुनिक काशेढुङ्गाको रुपमा तत्कालीन महेन्द्रवाट घोषणा गरिएको तथा राष्ट्रिय शिक्षा पद्धती योजना (२०२८-३२) लाई मान्न सकिन्छ । सोही घोषणा अनुसार २०२८ साल

भाद्र ५ गते पाठ्क्रम विकाश केन्द्रको स्थापना भयो भने २०२८ भाद्र २४ गते राष्ट्रिय शिक्षा ऐनमा लालमोहर सदर गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति गठन गर्ने कार्य भयो । २०२८ कार्तिक ३० गते शिक्षानियमावलीको प्रकाशन भयो । राष्ट्रिय शिक्षा पद्धतीयोजना (२०२८-३२) ले कक्षा १-३ सम्म प्रा.वि., ४-७ सम्म नि.मा.वि. र ८, ९,१० लाई मा.वि. तोकेकोमा राष्ट्रिय पाठ्यक्रम कार्यान्वयन योजना २०३८ ले कक्षा १ देखि ५ लाई प्रा.वि., ६ र ७ लाई नि.मा.वि. र ८, ९ र १० लाई मा.वि. को तह निर्धारण गऱ्यो । विद्यालय शिक्षालाई सर्वसाधारणको लागि सर्वसुलभ गर्ने क्रममा तत्कालीन विरेन्द्र राजावाट शुभराज्यभिषेकको शिलशिलामा प्रा.वि. (कक्षा १-३) निःशुल्क घोषणा २०३१ फाल्गुन १२ गते गरियो (ऐजन) ।

विद्यालय शिक्षा कार्यक्रमलाई सर्वसुलभ गर्दै लाने क्रममा २०३८ सालमा ग्रामिण विकाशका लागि सेती परियोजना लागू गरियो । जून सेती अञ्चलका ५ वटा जिल्लालाई लक्षित गरिएको थियो । २०४२ सालमा नेपाल सरकारले राष्ट्रिय मूल नीति २०४२ घोषणा गऱ्यो । २०४२ साल १ गते तत्कालीन वीरेन्द्र वाट २०५७ अथवा सन् २००० सम्ममा एशियाली मापदण्ड वाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्ने अठोट गरी नेपाली जनतालाई खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सूरक्षा जस्ता आधारभूत आवाश्यकता वस्तुहरु पुऱ्याउन आवाश्यक कार्यक्रहरु तर्जुमा गर्ने मार्गदर्शन तयार पार्न निर्देशन भएको थियो (अधिकारी, २०६७) ।

यसै घोषणाअनुसार तत्कालीन अवस्थामा दुर्गम भनी घोषणा भएका २८ जिल्लाका छात्रछात्राहरुलाई पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने कार्य सञ्चालन भयो । २०४१ साल माघ १० गते विश्व वैंकको ऋण सहयोगमा र युनिसेफको आर्थिक तथा प्राविधिक सहयोगमा प्राथमिक शिक्षा परियोजना देशका ६ वटा जिल्लाहरु (झापा, धनकुटा, तनहुँ, कास्की दाङ्ग र सुर्खेत मा लागूभएको थियो । २०४७ सालमा प्रजातन्त्रको पुनः स्थापना पछि शिक्षा सम्बन्धी सुधार गर्न राष्ट्रिय शिक्षा आयोग २०४७ गठन भयो । पछि २०४७ सालमा श्रावणमा नयाँ सरकार गठन संगै आयोगपनि पुर्नगठन गरियो । उक्त आयोगले २०४९ सालमा आफ्नो प्रतिवेदन तत्कालीन सरकार समक्ष प्रस्तुत गऱ्यो । उक्त आयोगमा प्रा.वि. तहमा निःशुल्क पाठ्यपुस्तक वितरण गर्नुपर्ने सुझाव दिइएको थियो ।

साथै त्यस्तै २०५४/२/१५ गते तत्कालीन शिक्षामन्त्री देवीप्रसाद ओझाको संयोजकत्वमा उच्चस्तरीय राष्ट्रियशिक्षा आयोग गठन भई २०५५/२/३१ म प्रतिवेदन समेत वुझायो । उक्त प्रतिवेदनले माध्यमिक तह अनिवार्य र मात्र भाषामा शिक्षा दिने तथा आर्थिक सामाजिक र भौगोलिक दृष्टिकोणले पछाडिपरेका व्यक्तिहरुलाई शिक्षामा समान अवसर उपलब्ध गराउनुपर्ने सुझाव दिइएको थियो । साथै कक्षा १० सम्म निःशुल्क अध्ययनको ब्यवस्था मिलाउनुपर्ने सुझावमा उल्लेख गरिएको थियो । नेपालमा विद्यालयक्षेत्रलाई सवल एवं सक्षम वनाई विद्यालय शिक्षा सर्वसुलभ एवं सर्वसाधारण जनताको छोराछोरीले सरल एवं सहज रुपमा शिक्षाआर्जन गर्न सक्नु भन्ने अभिप्रायले शिक्षा सम्बन्धी राष्ट्रिय एवं अर्न्तराष्ट्रिय मञ्च एवं दाता मार्फत सहयोगको प्राप्त गरीरहेको छ, जसकालागि नेपालका अनेकौ योजना एवं परियोजनाहरु लगूहुदै आएकाछन (ऐजन)।

विद्यालयको शैक्षिक विकाशको सिलसिलामा नयाँ शिक्षा पद्दतीयोजना २०२८ ले सम्पूर्ण वालवालिकाहरुलाई कम्तीमा पनि साक्षर वनाउने अवसर प्रदान गर्ने, गरीवीको रेखामुनी रहेका वालवालिकाहरुलाई समेत न्यूनतमआवाश्यकता पूर्ती गर्न साक्षर वनाउने तथा वहुसंख्यक वयस्कहरुलाई कार्यमूलक रुपमा साक्षर हुने अवसर प्रदान गर्न भर प्रयास गर्ने लक्ष्य अनुरुप प्रा.वि.

तहका दुर्गम क्षेत्रका र गरीव विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने र दुर्गम र गरीव वाहेक लाई सुपथ मूल्यमा पाठ्यपुस्तक उपलब्ध गराउने उद्देश्य राखेको थियो । साथै नि.मा.वि. तहमा पनि दुर्गम स्थानमा सतप्रतिशत र अन्यक्षेत्रमा ७५% विद्यार्थीलाई अनुदान दिने ब्यवस्था थियो । माध्यमिक शिक्षा प्राथमिक शिक्षा पाएका मध्ये २०% र नि.मा.वि. तहका शिक्षा पाएका ५०% लाई उपलब्ध गराउने लक्ष्य राखेको पाइन्छ (ऐजन) ।

नेपालमा सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा प्रदान गर्ने विभिन्न प्रयास र अभ्यासहरुको मध्ये माध्यमिक शिक्षा विकाश परियोजना (१९९३-१९९९) ले माध्यमिक शिक्षाको गुणस्तर र प्रभावकारीतामा वृद्धिगरी उच्चशिक्षा ग्रहण गर्न सक्ने जनशक्ति तयार गर्ने मूख्य लक्ष्य राखि पाठ्यकम पाठ्यपुस्तक र शैक्षिक सामग्रीहरुको विकाश गर्ने मूख्य उद्देश्य राखेको पाइन्छ । यसले पुस्तकहरु र प्रयोगशालाका उपकरणहरु विद्यालयमा परिपूर्ती गर्न उच्च मा.वि. सम्मलाई सहयोगगर्न कार्यकम वनाएको थियो (ऐजन)। यस्तै माध्यमिक शिक्षा सहयोग कार्यकमले (२००३-२००८) ले पनि प्राथमिक तह पुरागरेका सवै वालवालिकाहरुलाई माध्यमिक तहसम्मको शिक्षाको अवसर सुनिश्चित गराउन र गरीवीको रेखामुनी रहेका जनतालाई शिक्षाको आवाश्यकता पुरा

गराउन नेपालका पिछिडिएका १० जिल्ला (हुम्ला, अछाम, वझाङ्ग, मुगु, रुपन्देही, डोटी, कैलाली, जुम्ला र वैतडी ) का १५० वटा विद्यालयछनौट गरी ती विद्यालयमा सार्वजनिक कार्यको पहुँच, विस्तार र गुणस्तरमा सुधार कार्यक्रम सञ्चालन गरी सक्षम रुपमा कार्यक्रम लागू गरिएको थियो र पहुंचसम्बन्धी अन्य सवालमा छात्रवृत्ति, पोशाक, पाठ्यपुस्तक र शुल्क सम्बन्धी वित्तीय व्यवस्थापन गरी निःशुल्क शिक्षा प्रदान गर्ने कार्यक्रम कार्यान्वयन गरिएको थियो (धिताल र साथीहरु, २०६९ ) ।

शिक्षालाई नेपाल अधिराज्यमा प्रत्येक कुनाकाप्चा र प्रत्येक वर्ग क्षेत्र र लिङ्ग र सम्प्रदायमा पहुँच पुऱ्याउन र गुणस्तरीय शिक्षा सर्व सुलभ प्राप्त गर्ने अवसर लाई सुनिश्चित गर्न सवैकालागि शिक्षा (२००४-२००९) कोशेढुङ्गाकोरुपमा सावित भएको छ । सन् १९४८ को संयुक्त राष्ट्रयसंघीय मानव अधिकार सम्वन्धी घोषणा पत्रमा सर्वप्रथम “सबैका लागि शिक्षा” प्राप्त गर्ने क्रम हुनुपर्दछ भन्ने अवधारणाको शुरुवात भएपछि यस घोषणापत्रलाई पुरा गराउन, सन् १९६० मा कराँचीमा युनेस्केको आयोजनामा एशियाली मुलुकहरुको मन्त्रीस्तरीय सम्मेलनले प्राथमिक शिक्षालाई निःशुल्क गर्ने प्रतिवद्धता जाहेर गरेको थियो । त्यसपछि सन् १९९० मा थाइल्याण्डको जोम्टिनमा भएको सवैका लागि शिक्षा सम्वन्धी विश्व सम्मेलनले सर्वप्रथम सवैकालागि शिक्षा कार्यक्रमप्रति प्रतिवद्धता जनाएको थियो (अधिकारी, २०६७) । उक्त सम्मेलन यून्योर्कमा सम्पन्न वालवालिका निमित्त विश्व

शिखर सम्मेलनको घोषणा पत्रमा नेपालले प्रतिवद्धता जनाइ हस्ताक्षर गरेपछि राष्ट्रियस्तरमा गर्नुपर्ने कार्ययोजना तयार गरेको थियो । जसअनुसार सन् २००० सम्म ६४% मात्र विद्यालय जाने वालवालिकाको भर्नाप्रतिशत १०० पुऱ्याउने, ३१% वालवालिका प्राथमिक तहमा भर्ना भई २७% ले मात्र प्राथमिक शिक्षा पुरा गर्ने स्थिति रहेका सन् २००० सम्ममा प्रा.वि.मा भर्ना भएका वालवालिका मध्ये २०% लाई प्राथमिक तहको शिक्षा पुरा गराउने प्राथमिक तहको शिक्षा सर्वसुलभ गरी सवैकालागि प्राथमिक शिक्षाको अवसर प्रदान गर्ने, शिक्षाको अवसरमा विद्यमान असमानतालाई कमगर्दै सवै जनजाति तथा वर्गका मानिस सम्म शिक्षा पुऱ्याउने जस्ता लक्ष्यहरु राखिएका थिए । सन् १९९० मा थाइल्याण्डको जोम्टिन शिखर सम्मेलनमा प्रतिवद्धताको मूल्याङ्कन गर्ने, सन् २००० को अप्रिलमा १८० देशले यूनेस्कोले तयार पारेको निर्देशिका र त्यसमा संलग्न १८ वटा सूचकहरुका आधारमा आ आफ्नो देशमा सञ्चालित कार्यक्रमको तत्कालिन अवस्थाको मूल्याङ्कन गर्दै सेनेगलको राजधानी डकार सम्मेलनले गरेको लक्ष्यमा अपेक्षित सफलता हासिल नभएको निश्कर्ष निकालेर १८ वटा सूचकहरुको प्रयोगद्धारा कार्यक्रमको अनुगमन गर्नुपर्ने कुरालाई जोड दिइयो र सोही सम्मेलनमा

सवैकालागि शिक्षा : हाम्रो सामूहिक प्रतिवद्धता को लक्ष्य प्राप्त गर्नु पर्ने कुरालाई अंगिकार गर्‍यो( घिमिरे र साथीहरु, २०६९) ।

सन् २०१५ सम्म सबैका लागि शिक्षा का ६ वटा लक्ष्यहरु निर्धारन गरेको छ राष्ट्रिय एवं अन्र्तराष्ट्रिय स्तरमा गरिएको सामुहिक प्रतिपद्दतामा प्राविधिक क्षमता वा स्रोतको अभावले गर्दा कुनै पनि देश शिक्षाको क्षेत्रमा पछाडि नपरोस भन्ने कुरा यस ढाँचाले स्वीकार गरेको छ । नेपालमा आधारभूत प्राथमिक शिक्षाको विकाशको लागि यो अन्र्तराष्ट्रिय प्रतिवद्धता प्रेरणा र सहयोग गरी दुई रुपमा आएको छ । नेपालले यसलाई सवैका लागि शिक्षा अभियानको निरन्तरतालाई शैक्षिक विकाशको मूल रणनीतिको रुपमा स्वीकार गरेको छ ।

आ.प्रा.शि.प. (१९९९-२००४) जुलाई १५ मा अर्थात २०६१ असार मसान्त पछि नेपालले डकार घोषणापत्र कार्यढाँचा को (२००१-२०१५) का आधारमा सवैकालागि शिक्षा कार्याक्रम २००४-२००९ तयारपारी कार्यान्वयनमा ल्याएको हो । डकार घोषणाका ६ वटा लक्ष्यहरुमा नेपालले लक्ष्य थप गरी नेपालका लागि शिक्षा राष्ट्रिय कार्य योजना २००१-२०१५ ले ७ वटा लक्ष्य तयार गरी सोको आधारमा सवैका लागि शिक्षा सन २००४-२००९ आवधिक योजनाको अवधारणापत्र सन २००३ मा तयार पारीएको थियो (धिताल र साथीहरु, २०६९) ।

यस ढाँचामा नेपालले लिएका ७ वटा लक्ष्य हरुमध्ये सन २०१५ सम्ममा सवै वालवालिका एवं अल्प संख्यक जनजाति भित्र पर्ने वाल वालिकाका लागि स्तरीय एवं निःशुल्क अनिवार्य प्राथमिक शिक्षाका पहुँच र स्तरीय प्राथमिक शिक्षाको सुनिश्चितता गर्ने, विशेष गरी असुरक्षित र पिछिडिएका वालवालिकाको प्रारम्भिक वालहेरचाह र शिक्षा क्षमताको विस्तारमा ब्यापकता ल्याउने, सन २०१५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैंगिक असमानता हटाई सन् २०१५ सम्मममा स्तरिय आधारभूत शिक्षाको उपलब्धिमा छात्राहरुको पूर्ण न्यायिक पहुँच सुनिश्चित गर्ने, शिक्षामा लैंगिक समानता कायमगर्ने जस्ता लक्ष्यहरु राखिएको थियो । यस कार्यक्रमको पहिलो उद्देश्यले शिक्षा प्रत्येक वालवालिकाको वालअधिकार हो भन्ने तथ्यलाई हृदयगंम गरी सवैका लागि शिक्षा ( २००४-२००९) ले प्राथमिकतहको भर्नादर ८१% वाट ९६%मा पुर्‍याउने उद्देश्य राखेको छन साथै विद्यालय वाहिर रहेका अपाङ्गजाति धर्म जनजाति, दलित पिछिडिएका तथा भाषिक रुपमा पछिपरेका

सवै वालवालिकालाई प्राथमिक शिक्षाको पहुँच भित्र ल्याउने उद्देश्य राखिएको थियो । सवैकालागि शिक्षा (२००४-२००९) ले पनि सवैका लागि शिक्षा २००१-२०१५ले लक्षित गरेका उद्देश्यहरुलाई मूख्य उद्देश्यको रुपमा राखेको पाइनछासवैकालागि शिक्षा कार्यक्रमका मुख्य उद्देश्यहरुपूरा गर्न सवै विद्यालयहरुमा क्रमिक रुपमा आधारभूत शिक्षण सामग्रीहरुको सुनिश्चितता गर्दै लैजाने कार्यक्रम समावेश गरेको छ । साथै सबैकालागि सान्दर्भिक तथा स्थानीय आवाश्यकता अनुकुलका पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार गरी वितरण गर्ने तथा सरकारी प्रयासहरुको प्रचार प्रसार र सरोकारवालाहरुको इच्छा आकांक्षालाई अंगीकार गर्न आमसञ्चार माध्यमको प्रयोग गर्ने जस्ता पाठ्यपुस्तक मैत्री कार्यक्रम ल्याएको पाइन्छ

सामूदायिक विद्यालय मार्फत शैक्षिक अवसरको पहुँच सर्व साधारण गरीव एवं निमुखा वर्ग र समुदाय समक्ष पुऱ्याउन नेपाल सरकारले वि.सं. २०४९ र २०५५ को शिक्षा आयोगको प्रतिवेदन कार्यान्वयन का सन्दर्भमा शिक्षा सम्वन्धी उच्च स्तरीय कार्यसमिति २०५८ गठन गरेको थियो । उक्त समितिले भुलत : ३ वटा मुद्दा उल्लेख गरेको थियो, जसको २ नं. वुंदामा निःशुल्क शिक्षा वास्तविकरुपमा निःशुल्क हुन नसकेको साथै सार्वजनिक विद्यालयहरुको गुणस्तरमा वृद्धि हुन नसकेकोले यस प्रतिवेदनले १६ वटा विषयवस्तुलाई अध्ययन क्षेत्र भित्र राखेको थियो जुन एउटा निःशुल्क शिक्षा एवं पाठ्यक्रम र पाठ्यपुस्तक पनि रहेको थियो (ऐजन) ।

विद्यालय शिक्षालाई व्यवस्थित गरी वालवालिकाहरुलाई समय सुहाउँदो शिक्षा प्रदान गर्दै वर्तमान प्रतिस्पर्धी समाजमा सहजरुपमा समायोजन गर्न सक्ने शिक्षा प्रदान गर्न पाठ्यक्रमको

विकाश निर्माण तथा कार्यान्वयन गर्ने नीति तथा कार्यक्रम एवं सिकाइका उपयुक्त क्षेत्र, शिक्षण सिकाइ क्रियाकलाप र विद्यार्थी मूल्याङ्कन जस्ता पक्षहरुमा उपयुक्त सोच र दृष्टिकोण सहितको विद्यालय शिक्षाको मूल दस्तावेजनै राष्ट्रिय पाठ्यक्रम प्रारुप हो भनी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ले परिभाषित गरेअनुरुप शैक्षिक पहुँच र समानता, सार्न्दभिकता र गुणस्तरीयता, सार्न्दभिकताको विकाश गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसको प्रारुप २०६३ ले शिक्षा, तथा सहस्राब्दी विकाशका लक्ष्य प्राप्ती जस्ता अर्न्तराष्ट्रिय परिवेशमा भएका सरकारी प्रतिवद्धतालाई व्यवहारमा ल्याउनु पर्ने, पाठ्यक्रम तथा पाठ्यक्रमवद्ध अन्य सामग्रीहरुको निर्माण, वितरण र कार्यान्वयनमा देखापरेका प्रक्रियागत कमि कमजोरीलाई न्यून गर्नुपर्ने तथा समग्र शिक्षा विकाशका

लागि उपयुक्त साधन र स्रोतको खोजी एवं व्यवस्थापन गर्नुपर्ने जस्ता महत्वपूर्ण सुझावहरु दिइएका छन् ।

ामुदायिक विद्यालयक्षेत्र सुधार कै क्रममा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ वि.सं. २०६६/५/४ मा नेपालसरकार वाट स्वीकृत गरियो । यस योजनाको कार्यान्वयनवाट विद्यालय शिक्षाको पहुँच भन्दा वाहिर रहेका करीव७.६ % वालवालिकाहरुलाई विद्यालय शिक्षाको पहुँच भित्र ल्याउने र आधारभूत तथा माध्यमिक शिक्षामा क्षमतामुलक पहुँच विस्तार गर्ने उद्देश्य राखेको पाइन्छ । यस योजनाले शिक्षा सेवा प्रवाहको प्रभावकारिता र कार्य दक्षतामा सुधार ल्याएर सवैका लागि शिक्षाको डकार कार्य योजना र संयुक्त राष्ट्रसंघीय सहस्राब्दी विकाशको लक्ष्यले निर्दिष्ट गरेको कार्य ढाँचा अनुरुप विद्यार्थीहरुको सिकाई उपलब्धिमा उल्लेखनीय सुधार गर्ने लक्ष्य राखेको छ । मूख्यत : विद्यालय जाने उमेरका सबै वालवालिकाहरुलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्ने, माध्यमिक शिक्षाको पहुँच समता र गुणस्तर सान्दर्भभिकतामा सुधार गर्ने उद्देष्य रहेको यस योजनाले विद्यालय संरचनालाई १-८ आधारभूत तह र ९-१२ लाई माध्यमिक तह पुर्न गठन गरेको छ (लुइटेल, २०६९) । यस योजनाले उल्लेख गरेको मूख्य सुधारका कार्यक्रमहरु मध्ये पहुँच र गुणस्तर अर्न्तगत आधारभूतशिक्षाको अधिकारमा पूर्ण पहुँच वढाउन संवैधानिक तथा कानुनी प्रावधानको कार्यान्वयन र विद्यालय शिक्षामा सर्व सुलभ पहुँचको ढोका खोल्न आधारभूत शिक्षालाई नि :शुल्क शिक्षा भित्र भर्नाशुल्क, पढाइ शुल्क र परीक्षा शुल्क लिन नपाइने र निःशुल्क रुपमा पाठ्यपुस्तक उपलब्ध गराउने कार्यक्रम पर्दछन् । अनिवार्य शिक्षा कार्यान्वयन र सवलीकरण गर्न जिम्मेवारी कानुनले ब्यवस्था गरे वमोजिम स्थानीय निकायमा रहन्छ । गुणस्तर सुनिश्चितताको लागि सिकाइअनुकूल वातावरण गर्न पाठ्यक्रम पाठ्यपुस्तक सुधार, विद्यार्थी केन्द्रित सिकाई

पद्धतीको विकाश शिक्षक रप्रधानाध्यापकको व्यवस्थापन सुधार र विकाश परीक्षा प्रणाली र स्तराङ्कन जस्ता कार्यलाई विशेष ध्यान दिइने भन्ने योजनामा छन् (ऐजन) ।

सामुदायिक विद्यालयमा सर्वसुलभ शिक्षा प्रदान गर्ननेपालमा योजनावद्ध प्रयास हुदै आएको छ । पछिल्लो त्रिवर्षिय अन्तरिम आर्थिक योजना (२०६७-२०७०) ले विद्यालय शिक्षा सम्वन्धमा सवैलाई निःशुल्क अनिवार्य र गुणस्तरीय आधारभूत शिक्षा (कक्षा १-८) प्रदान गर्ने र माध्यमिक

शिक्षा (९-१२) र उच्च शिक्षामा समन्यायिक एवं समावेशी पहुँच विस्तार गरी गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने उद्देश्य राखेको छ भने यसको रणनीति अन्तर्गत निःशुल्क तथा अनिवार्य आभारभूत शिक्षालाई स्पष्ट रुपमा परिभाषित गरिनेछ  र आवाश्यक स्रोतसाधन विनियोजन गरी स्पष्ट कार्य योजना सहित लागू गरिनेछ । त्यस्तै समष्टीगत विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न कक्षा १-१२ को नयाँ शिक्षा सम्वन्धी ऐन तर्जुमा गरी लागू गरिनेछ । विद्यालय क्षेत्र सुधार कार्यक्रम अर्न्तगत माध्यमिक (९-१२) को एकिकृत शिक्षा पद्धतीलाई नमूनाको रुपमा सञ्चालन गरिनेछ । यसका लागि विद्यालय शिक्षा सञ्चालन तथा ब्यवस्थापन पद्धतीलाई नमूनाको रुपमा सञ्चालन गरिनेछ । यसका लागि विद्यालय सञ्चालन तथा ब्यवस्थापनमा संलग्न निकाय तथा संस्थागत ब्यवस्थापन गरिनेछ । क्रमिकरुपले कक्षा १० सम्मको शिक्षलाई निःशुल्क गरिनेछ (ऐजन) ।

## १.२ समस्याको कथन

वास्तवमा पाठ्यपुस्तक सिकाईप्रक्रियाको महत्वपूर्ण साधन हो । पाठ्यपुस्तकले पाठ्यक्रममा उल्लेख गरिएका उद्देश्यहरु  प्राप्त गर्न निर्धारित पाठ्यांशका निम्ति व्यवस्थित ढंगले तयार पारी शिक्षण सिकाईमा प्रयोग गर्न पाठ्यापुस्तक नै प्रयोग गरिन्छ । पाठ्यपुस्तक निर्दिष्ट विषयवस्तु र शिक्षण क्रियाकलापमा आधारित भई तयार पारिएको साधन हुनाले पाठ्याक्रमको क्षेत्र र क्रमअनुसार सरल वाट जटिलताको क्रममा समावेश हुने, गृहकार्य एवं सम्पूर्ण परीक्षा सामग्रीको रुपमा प्रयोग हुने, कक्षाकार्य गृहकार्य, अभ्यास पुनरावृत्ति आन्तरिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि प्रसस्त मात्रमा भएको ज्ञानको संग्रहित अध्ययन साधन पाठ्यपुस्तक हो । पाठ्यपुस्तकले सवैका लागि, सवैलाई सिक्न सघाउने, सिकाइ वातावरण सवैलाई समान छ भन्ने प्रत्याभूति दिने र वालवालिकाको विविधताको सम्मान गर्न समावेशी सिद्धान्तमा आधारित भएर प्रयोगयोग्य विशेषता वोकेको हाम्रो शिक्षा प्रणालीमा शिक्षक एवं विद्यार्थी दुवैका लागि उपयोगी सामग्री हो । समष्टिमा भन्नुपर्दा पाठ्यपुस्तक पाठ्यक्रममा उल्लेखित विभिन्न विषयवस्तु र सामग्री र सामग्रीहरुको एकिकृत सामग्रीहुनाको साथै यो एक आधिकारीक सामग्री पनि हो । यसरी नेपाल जस्तो देशको लागि

पाठ्यपुस्तक शिक्षण सिकाईको महत्वपूर्ण साधन हो । विभिन्न भौगोलिक विकटता भएको तथा यातायात र सञ्चारको सुविधाको अभाव भएको विकट एवं दुर्गम तथा पिछिडिएको क्षेत्रमा यो

शिक्षक एवं विद्यार्थीको लागि विद्यालय सञ्चालन गर्ने साधन पनि हो । अतः यस्तो महत्वपूर्ण साधन पाठ्यपुस्तक विपन्न गरीव असाहाय वर्ग र सामुदायका वालवालिकाहरुले खरीद गरेर किन्न कठिन भएकोले यसलाई प्रभावकारी ढंगले वितरण गर्नुपर्ने दायित्व राज्यको हो ।

सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण गर्नु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धी अभि सन्धी अनुसारको प्रतिवद्धता तथा सवैका लागि शिक्षा कार्यक्रम अर्न्तगत सम्पूर्ण लक्षित समुदायका वालवालिकाहरुलाई कम्तीमा माध्यमिकतह सम्म निःशुल्क शिक्षा प्रदान गर्नु संवैधानिक ग्यारेण्टी तथा आधारभूत तह अनिवार्य गर्ने प्रतिवद्धता अनुसार सवै वर्ग क्षेत्र र समुदायका वालवालिकाहरुलाई कम्तीमा सामुदायिक विद्यालयमा भर्ना गराएर विद्यालयमा टिकाइ राख्ने विविध उपायहरु मध्ये एउटा महत्वपूर्ण उपाय पाठ्यपुस्तक वितरण हो । हाल सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण भइ राखेपनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । नेपालको सामुदायिक विद्यालयमा पाठ्यपुस्तक समयमा नै विद्यालयका उपलब्ध नहुने, उपलब्ध भएपनि पुरा सेट उपलब्ध नहुने, विद्यालयले आफ्नै वजेट वाट पहिले पाठ्यपुस्तक खरीद गर्नुपर्ने र पछिवाट विल भौचर हेरेर जि.शि.का. मार्फत निकासा प्राप्त गर्दा दुवै निकाय विच तालमेल नहुने, विद्यालयमा विद्यार्थी संख्या वढी देखाएर खरीद तथा विकी केन्द्र संग फर्जि विल लिएर चुहावट हुने, विद्यार्थीहरुलाई पुरानो च्यातिएको किताव नै वितरण गर्ने जस्ता समस्याहरु देखापरेका छन भने त्यसमा सरोकारवाला निकाय एवं ब्यक्तिहरु वढी चासो नदेखाउने, पाठ्यपुस्तक वितरणको अनुगमन तथा मूल्याङ्कन नहुने, विद्यालय छोडेर गएका विद्यार्थीहरुसंग पा.पु. फिर्ता नलिईने मौजुदा पाठ्यपुस्तक सूरक्षित साथ नराख्ने जस्ता समस्याहरु एकातिर छन् भने अर्कातिर सित्तै पाएको पाठ्यपुस्तकको उचित सदुपयोग एवं संरक्षणमा विद्यार्थी एवं अभिभावकहरुलाई सचेत गरेको पाईदैन । यसरी सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनका विद्यमान चुनौतीहरुको पहिचान गरी भविष्यमा सुधारका लागि सरोकार वालपक्षहरुले चाल्नुपर्ने कदमहरु वारेमा अध्ययन एवं विश्लेषण गर्नु नै यस अध्ययनको मूख्य समस्याको कथनको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको औचित्य

यो अध्ययनले नमूना छनौटमा परेका स्रोतकेन्द्र भित्रका सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनको वर्तमान अवस्थाको चित्रण गर्न मद्दत गर्दछ तथा यस व्यवस्थापनसंग सरोकार राख्ने शिक्षक, विद्यार्थी अभिभावक प्र.अ. स्रोतब्यक्ति लगायतको आ-आफ्नो भूमिका सुधार गर्न टेवा पुग्ने देखिन्छ । मूख्यतः पाठ्यपुस्तक वितरण व्यवस्थापनकोव्यवस्थापकीय पक्ष विद्यालय

व्यवस्थापन समिति एवं प्र.अ. लाई आफ्नो भूमिका थप उत्तरदायित्वपूर्ण एवं प्रभावकारी वनाउन मद्दत पुऱ्याउने देखिन्छ । सम्पूर्ण विद्यार्थीहरुको सिकाईको साधन एवं शिक्षकहरुको शिक्षणको मार्गदर्शक एवं महत्वपूर्ण साधन पाठ्यापुस्तक वितरण गर्ने सरकारी प्रतिवद्धता भएतापनि सम्वन्धित निकाय एवं संस्थाहरुको कमीकमजोरीले विद्यार्थीमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न सरोकारवाला संस्था एवं व्यक्तिहरुलाई समेत सुधारको लागि उपयोगी सुझाव प्रदान गर्न यो अध्ययन महत्वपूर्ण हुन जाने देखिन्छ । पाठ्यपुस्तक वितरण व्यवस्थापनका विगतका कमी कमजोरी पत्तालगाउने , वर्तमानका चुनौतिहरु पहिचान गर्ने एवम् भविष्यमा सुधारका लागि अपनाउनुपर्ने उपायहरु सम्वन्धित सरोकारवाला पक्षलाई सुझाउन उपयोगी हुने देखिन्छ । साथै लक्षित वर्ग र समुदायका वालवालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य एवं सवैकालागि शिक्षा कार्यक्रम सफल पार्न सहयोग पुऱ्याउने, पाठ्यपुस्तकको माध्यमवाट विद्यालयमा आकर्षण वढाउने, विद्यालयमा टिकाइ राख्ने शैक्षिक उपलब्धि स्तर माथि उकास्न आवाश्यक कानुनी एवं नीतिगत सुधार एवम् व्यवहारिक पक्षको सुधारको लागि समेत समवद्ध पक्षलाई सुझाव प्राप्त गर्न उपयोगी ठहर्दछ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका मूख्य उद्देश्यहरु निम्न लिखित छन् :

१. सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरणको वर्तमान अवस्थाको पहिचान गर्नु ।

२. पाठ्यपुस्तक वितरण व्यवस्थापनले पठनपाठनमा पारेको प्रभावको विश्लेषण गर्नु ।

३. सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनका समस्या विश्लेषण गर्नु ।

४. सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरुको खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

१. सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनमा वर्तमानमा के कस्तो नीतिगत एवं कानुनी प्रक्रिया विद्यमान छ ?

२. सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरणले पारेको प्रभाव के कस्तो छ ?

३. सामुदायिक विद्यालयमा पाठ्यापुस्तक वितरणमा विद्यालयले सामना गर्नुपरेका समस्याहरु के कस्ता छन् ?

४. पाठ्यापुस्तक वितरण ब्यवस्थापनमा विद्यार्थी सहभागिताका वाधक पक्षहरु के कस्ता छन् ?

५. पाठ्यापुस्तक वितरणमा विद्यालयको भूमिका के कस्तो छ ?

६. सामुदायिक विद्यालयमा पाठ्यापुस्तक वितरण ब्यवस्थापनका के कस्तो सुधारको आवाश्यकता छ ?

७. सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरणमा सरोकारवाला पक्षहरुको भूमिका के कस्तो छ ?

८. सामुदायिक विद्यालयमा पाठ्यापुस्तक वितरण ब्यवस्थापनमा सुधार ल्याउन के गर्नुपर्ला ?

## १.६ अध्ययनको परिसिमा

पर्याप्त स्रोत साधनको अभावले यो अध्ययन सप्तरी जिल्लाको वनरझूला स्रोतकेन्द्र अन्तर्गतका श्री भ.स.रा.ज.उ.मा.वि. कल्याणपुर, श्री जनता मा.वि. लालपट्टी र श्री रा.प्रा.वि. कल्याणपुर वजार कल्याणपुर ३ को गरी ३ वटा सामुदायिक विद्यालयको २०७२ सालको आधारभूत र मा.वि. तहको पाठ्यपुस्तक वितरण ब्यवस्थापनको वर्तमान अवस्था, पाठ्यपुस्तक वितरण व्यवस्थापनले पठनपाठनमा पारेको असरको विश्लेषण, पाठ्यपुस्तक वितरण व्यवस्थापनका चुनौतीहरु र सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरुको खोजीमा मात्र सिमित गरिएको छ ।

## १.७मूख्य पदावलीहरुको परिभाषा

१. आधारभूत तह : विद्यालय क्षेत्र सुधार योजनाले निर्देशित गरे अनुसार कक्षा १ - ८ सम्मको विद्यालयको संरचना ।

२. टि.पी.डी. तालिम : शिक्षकहरुलाई शैक्षिक जनशक्ति विकासकेन्द्र र स्रोतकेन्द्र मार्फत दिइने एक महिने पेशागत तालिम ।

३. निकाशा : जिल्ला शिक्षा कार्यालयवाट विद्यालयलाई तोकिएको शिर्षकमा प्राप्त हुने अनुदान रकम विद्यालयको खातामा जम्मा गरिदिने काम

४. फ्ल्यास १ : प्रत्येक वर्ष विद्यालयले जेष्ठ महिना भित्र भर्नु पर्ने विद्यालय सम्वन्धी सम्पूर्ण विवरणहरु समेटिएको तथ्याङ्क फारम ।

५. फ्ल्यास २ : प्रत्येक वर्ष विद्यालयले फाल्गुण महिना भित्र भर्नु पर्ने विद्यालय सम्वन्धि सम्पूर्ण विवरणहरु समेटिएको तथ्याङ्क फारम ।

६. रनिङ्ग शिल्ड : क्षेत्रिय अन्तरमाध्यमिक विद्यालय स्तरीय खेलकुद प्रतियोगितामा उत्कृष्ट हुने विद्यालय र विद्यार्थीले प्राप्त गर्ने पदक ।

७. सरोकारवाला पक्ष : पाठ्यपुस्तक वितरण संग सम्वन्धित शिक्षा मन्त्रालय देखि विद्यालय सम्मका सरकारी निकाय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, विद्यार्थी र अभिभावक ।

८. सामुदायिक विद्यालय : सरकारी अनुदानमा संचालित विद्यालय ।

# परिच्छेद दुई :सम्वन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

अनुसन्धान निरन्तर चलिरहने एउटा प्रकिया हो । अनुसन्धानलाई सहिढंगवाट निष्कर्ष निकाल्नको लागि आफ्नो अध्ययनको क्षेत्रमा पूर्ववत गरिएका पुस्तक, पत्रपत्रिका लेख रचना तथा कृतिहरु, शोधपत्रको अध्ययन गर्ने र त्यसको प्राप्ती सुझावहरुको पुनरावलोकन गर्न जरुरी हुनछ । तसर्थ यस अध्ययनमा नेपालका सामुदायिक विद्यालयमा निःशुल्क शिक्षा एवं सवैका लागि शिक्षा कार्यक्रम संग सम्वन्धित पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्वन्धी लेख पुस्तक तथा शोध, पत्रहरुको समीक्षा गरिएकोछ ।

**थापा, २०६८**का अनुसार विद्यालयमा आधारित ब्यवस्थापन ले स्थानीय स्तरमा क्षेत्रगत रुपमा ब्यक्तिको चेतनाको विकास गराइ शिक्षाको प्रादेशिक क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग पु¥याउदछ । केन्द्रिय ब्यवस्थापनले सवै भूगोल, संस्कृति र समुदायका आवश्यकतालाई समेटन नसक्ने भएकोले समाजमा केही ब्यक्तिले अत्यन्त सम्पन्न र केही अत्यन्त विपन्न अवस्था रहेका छन्, जसलाई न्यूनिकरण गर्ने विषयमा विद्यालय स्तरीय ब्यवस्थापन केन्द्रित रहन्छ जसले विद्यालयका लागि केन्द्रिकृत रुपमा थुपारिएको योजना नभई विकेन्द्रित रुपमा सहभागिता मूलक ढंगवाट योजना वनाइ कार्यान्यिन गर्ने तर्फ सामुहिक रुपमा क्रियाशील रहन्छ जसले स्थानिय विद्यालयका लागि आवश्यक विविध खालको पाठ्यक्रम पाठ्यपुस्तक तथा एकिकृत पाठयांशहरुको समेत निर्माण र कार्यान्वयनमा सहयोग प¥याउँदछ । ब्यवस्थापनमा सवैको भावनात्मक रुपमा अपनत्वको विकाश गराउदछ जसले गर्दा विद्यालयको स्रोत पहिचान र परिचालन नीति निर्माण योजना एवं सामुदायिक विकासमा मानव संसाधन ब्यवस्थापन र रणनीति निर्माण आदिमा क्षमता वृद्धि गरी सशक्त रुपमा ब्यवस्थापनमा केन्द्रित रहन्छ भने विद्यालयले आफ्नै किसिमवाट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक वितरण ब्यवस्थापनमा समेत पेशागत रुपमा अघि वढी अनुसन्धानमूलक

तथ्याङ्कमा आधारित दल वा टोलीगत र उत्पादनमूखी कार्यमा जोड दिने उल्लेखनीय क्षमता वृद्धि गराउँदछ ।

यसका अतिरीक्त वौद्धिक व्यक्तित्व विकासमा आधारित भई ज्ञानको व्यवस्थापन गर्ने कममा र ज्ञानको सृजनात्मक विकास गर्ने कममा ज्ञानको प्रशारण तथा सदुपयोग गरी पेशागत रुपमा अघि वढदै स्रोत साधन प्रविधि सूचना प्रणाली वा संचारको प्रयोग र आपसमा त्यसको विकाश प्रशारण गर्ने सवैलाई उत्साहित वनाउदछ । यसले मानवीय स्रोत साधनको विकास वितिय व्यवस्थापन पाठ्यपुस्तक वितरण व्यवस्थापन निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्दछ । यस्ता कार्य गर्नका लागि व्यवस्थापकलाई उल्लेखनीय रुपमा क्षमता वृद्धि गराउदछ यसरी विद्यालयमा आधारित व्यवस्थापनले साधन स्रोत परिचालन व्यवस्थापन संगै ज्ञानको व्यवस्थापन गर्ने कार्यमा समेत सरोकार वाला सवै पक्षको क्षमता विकास र निमार्णमा महत्वपूर्ण भूमिका खेल्दछ । यसले विद्यालयको पाठ्यपुस्तक वितरण व्यवस्थापन लगायत अन्य व्यवस्थापकीय पक्षको सुधारको लागि विद्यालयमा आधारित व्यवस्थापन जरुरी हुन्छ भन्ने प्रष्ट हुन जान्छ ।

**घिमिरे, २०६८**का अनुसार सम्पूर्ण वालवालिकाहरुलाई यो वा त्यो वाहानामा विद्यालय शिक्षावाट वञ्चित हुन नपरोस, शिक्षा वालवालिकाको नैसर्गिक अधिकार हो भन्ने सर्न्दभमा “सामाहित शिक्षाको व्यवस्थापनको अध्ययन” शिर्षकमा महोतरी जिल्लाका समाहित शिक्षामा ढालिएका ९ वटा विद्यालय मध्य नमूना छनौटमा परेका ४ वटा विद्यालयहरुमा केन्द्रित यस अध्ययनमा समाहित शिक्षाको वर्तमान व्यवस्थापनको अवस्था समाहित शिक्षाको व्यवस्थापनमा देखिएका समस्याहरुमा केन्द्रित रही समाहित शिक्षामा प्राविधिक वातावरणीय उतरदायित्व वहन, व्यवस्थापकीय समस्या, विद्यार्थीहरु विच अन्तरकिया मूल्याङ्कन अनुगमन र तालिमको अभाव छात्रको तुलनामा छात्रा शिक्षक संख्या वढी र जनजाति विद्यार्थीको वाहुल्यता रहेको पाइयो । साथै आपाङ्ग गरीवी र श्रमिक वालवालिकाहरुपनि अध्ययनरत पाइयो । पिछिडिएका समुदायमा वालवालिकाहरुलाई पढाउनु पर्छ भन्ने संस्कार नवस्नु र नेपाल सरकारले त्यसमा उचित पहल नगर्नुले सम्पूर्ण लक्षित वालवालिकाहरुको उपस्थिति हुन नसकेको कुरा सोधपत्रमा उल्लेख गरिएको छ ।शर्मा एन्ड शर्मा (२०६८) ले नेपालमा अनौपचारीक शिक्षा प्रणालीको शुरुवात दरवार हाइस्कुलवाट भएपनि व्यवस्थित रुपमा भने वि.सं. २०१० पछिमात्र सञ्चालन भएको पाइन्छ । त्यसवेला केहि विद्यालयहरुको आर्थिक स्रोत पूर्णरुपमा सरकारी थियो भने अधिकांश विद्यालयहरुको आम्दानी नीजि स्रोत र सामुदायिक नै थियो । त्यसवेला विद्यालयलाई सरकारी

निकायका साथै सामुदायिकस्तरवाट हेरिन्थ्यो । वि.सं. २०१० पछि शिक्षा बहुप्रणालीवाट एकल प्रणालीमा रुपान्तरण भयो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धती योजना लागूभएपछि प्राथमिक तह पूर्णरुपमा निःशुल्क भयो जसको फलस्वरुप विद्यालयहरुमा क्रमशः समुदायको चासो र सहभागिता घट्न गयो तर ठूलो धनरासी भने अनुदानको रुपमा सरकारवाट नै प्राप्त हुन्छ ।

विद्यालयहरुको आर्थिक स्रोतहरुमा चन्दा शुल्क स्थानीय निकायवाट प्राप्त हुने अनुदान गैर सरकारी निकायवाट प्राप्त हुने सहयोग रासी सरकारी स्रोत हुन भने खर्चमा तलव भत्ता खेलकुद सामग्री खेलमैदान शौचालय पाठ्यपुस्तक एवं पुस्ताकालय छात्रवृत्ति एवं मसलन्द आदि पर्दछन् ।यसै सन्दर्भमा (खनाल र मडवरी २०५९) ले नेपालको सार्वजनिक शिक्षाको व्यवस्थापनलाई प्रोत्साहन र व्यवस्थापन पुऱ्याउने तत्वहरु पत्ता लगाउने उद्देश्यले काठमाडौं, ललितपुर भक्तपुर र काभ्रे पलाञ्चोक जिल्लाहरुमा अध्ययन गरिएको थियो । अध्ययनमा विशेष गरेर सार्वजनिक विद्यालयहरुको व्यवस्थापनका समुदायको संलग्नता र उत्तरदायित्व जस्ता पक्षमा खोजगरिएको थियो ।

समुदायमा व्यवस्थापन हस्तान्तरण गरिएका सार्वजनिक विद्यालयहरुमा विद्यालय र समुदाय विच सुमधुर सम्वन्ध स्थापित हुनुपर्ने आवश्यकता देखियो । राम्रो सम्वन्धले मात्र शैक्षिक व्यवस्थापनको उत्तरदायित्वलाई प्रोत्साहन गर्दछ । शिक्षाको नीति निर्माण गर्ने कार्यमा प्र.अ.को सहभागिता वृद्धि गर्ने, समुदायको वि.व्य.समितिमा वृहत सहभागिताको नीति, सहभागिताको कानुनी प्रावधान र प्रभावकारी कार्यान्वयन हुन सकेमा सार्वजनिक विद्यालयहरुको व्यवस्थापन अझ प्रभावकारी ठहर अध्ययनकर्ताको रहेको छ । समुदायलाई एउटा संस्थाको रुपमा ब्यवहार गरी वि.व्य. समितिलाई जिम्मेवारी र जवाफ देही वनाउनुपर्ने अध्ययनको निचोड रहेको छ ।सार्वजनिक शिक्षा मूलतः समुदायको लागि उपलब्ध गराइएको हुन्छ । समुदाय र वि.व्य. स. विचमा राम्रो समवन्ध स्थापना हुन सकेन भने वि.ब्य. समितिले प्रभावकारी रुपमा कामगर्न सक्तैन । कमजोर नीति निर्देशन, राज्यले निर्धारण गरेको नीतिमा जनसहभागिताको कमी, कानुनको कमजोर कार्यान्वयन समाजको संरचनात्मक मान्यता शिक्षा व्यवस्थापनमा राजनैतिक हस्तक्षेप जस्ता कुराले सार्वजनिक विद्यालयको उत्तरदायित्व र जवाफदेहितामा वाधा पुऱ्याएको हुन्छ ।

**भट्टराई,२०६९** का अनुसार सरकारी लगानी रेखदेख व्यवस्थापन र नियन्त्रणमा सञ्चालित विद्यालयहरुलाई सामुदायिक विद्यालय भनिन्छ । सामुदायिक विद्यालय समाजको अवस्था र

आवश्यकतानुसार राज्यले आफ्नो नीतिअनुसार लगानीगरी शिक्षा दिन सञ्चालन गरिएका छन् । जसमा धनी, गरिव महिला पुरुष तथा सवै अवस्था र स्थितिका वालवालिकाको विनाभेदभाव समानरुपमा प्रवेशगरी शिक्षा लिन पाउने व्यवस्था गरिएको छ । जात वर्ग लिङ्ग र रङ्गको आधारमा विभेद नगरी सवैका लागि शिक्षामा समान अवसर प्रदान गरिएको अवस्था छ । आर्थिक रुपमा विपन्न परिवारका वालवालिकाका लागि छात्रवृत्ति प्रदान गर्ने व्यवस्था गरिएको छ । शिक्षण सिकाइलाई प्रभावकारी वनाउन समूह विद्यालय वनाई स्रोत व्यक्ति द्वारा स्रोत साधनको वितरण रेखदेख गर्ने व्यवस्था छ ।

शिक्षण पेशालाई व्यवसायीकरण गर्न केन्द्र देखि स्थानीय तहसम्म निरीक्षण व्यवस्थापन गरिएको छ । शिक्षामा जनसहभागिता वढाउनको लागि विद्यार्थीका अभिभावकहरु मध्येवाट विद्यालयव्यवस्थापन समिति चुनावी प्रक्रिया द्वारा छनौट गर्ने व्यवस्था गरेको छ । तालिम प्राप्त ब्यक्ति जसले शिक्षा मनोविज्ञान पढेको हुन्छ । उसलाई शिक्षकको रुपमा योग्य मान्ने नीति लिएको छ । मनोवैज्ञानीक तरीकाले वालवालिकाको कमी र आवश्यकतानुसार स्वतन्त्र वातावरण शिक्षण सिकाइ गर्ने परिस्थिति निर्माण गरीएको छ । यस्तो अवस्था भएर पनि सामुदायिक विद्यार्थी संख्या न्यून हुनु तथा अभिभावकको चासो घट्नुकाकारण पत्ता लगाउने प्रयास गरिएको छ (भट्टराई,२०६९) ।

**गोरखापत्र २०७१, पौष** अनुसार विद्यार्थीहरुको आधारभूत अधिकारका रुपमा रहेको पुस्तकको प्रयाप्त आपूर्तिका लागि समयमानै तयारी गर्ने काम सरकारको प्राथमिकतामा नपर्नु आफैंमा आश्चर्यलाग्दो कुराहो । विद्यालयको व्यवस्थापनलाई प्रभावकारी वनाउनमा खर्च गर्नुपर्ने स्रोतसाधनलाई पुस्तकको जोहा गर्नमा लगानी गर्नुपर्ने सुखदपक्ष होइन । तीन महिनापछि नयाँ शैक्षिक सत्रशुरु हुदैछ तर चालुसत्रका विद्यार्थीले पनि सवै पाठ्यपुस्तक पाएका छैनन् भने अगामी वर्षका लागि पुस्तक छाप्ने कार्यशुरु नभइसकेकोले वर्तमान यथार्तका आधारमा अर्को शैक्षिक वर्षमा पनि यो समस्या पुनरावृत्ती हुने अनुमान गर्न गाह्रों छैन । आवश्यक पाठ्यपुस्तकको परिमाण वारे पूर्वजानकारीको अभावका कारण वाट नभई पुस्तक छाप्ने जिम्मेवारी पाएको निकायले त्यसकालागि आवाश्यक कच्चापदार्थको व्यवस्थागर्न नसकेका कारण यो समस्याले निरन्तरता पाइरहेको जानकारी सार्वजनिक भएको छ । पाठ्यपुस्तक अभावकै कारण शैक्षिकवातावरणलाई खल्वलिन दिनुहुदैंन । आपूर्ती गर्दै आएको निकाय यस कार्यमा प्रभावकारी नदेखिए समयमै निजी क्षेत्रका स्तरीय व्यवसायीहरुलाई प्रयाप्त मात्रामा परिचालित गर्ने सक्रियता अपनाउनुपर्ने देखिन्छ ।

समाजको अग्रगमनको लागि अपरिहार्य शिक्षाक्षेत्रको विकाशको लागि जति प्रयास गरिएपनि विद्यार्थीका हातमा पाठ्यपुस्तक पुऱ्याउन सकिएन भने ती प्रयासको कुनै अर्थ रहदैन, शिक्षाको न्यायो घामवाट सम्पूर्ण वालवालिकालाई लाभान्वित गर्ने सन्दर्भमा नेपालमा तयार गरिएका योजनाहरु शाब्दिक रुपमा आकर्षक देखिएपनि व्यवहारिक रुपमा उपलब्धि अपेक्षित रुपमा प्राप्त हुन नसक्नुमा ती योजना कार्यान्वयनका लागि आवश्यक भौतिक वातावरण तयार गर्न नसक्नु एउटा कारणका रुपमा रहेको छ । वालवालिकालाई विद्यालय भर्नामा आकर्षित गर्ने रणनीतिगत कार्यक्रमहरु अस्तित्वमा भएकाले नै विद्यालय भर्नाको दरमा पनि विगतको तुलनामा क्रमिक सुधार आइरहेको छ । यस्तो हुदाहुदै पनि विद्यार्थीको पढाइ अगाडिवढाउन अनिवार्य पाठ्यपुस्तक प्रयाप्त मात्रामा उपलब्धगराउन सरकार असफल भएका कारण विद्यालय शिक्षा औपचारिकतामा मात्र

सिमित भइरहेको छ । हरेकवर्ष आफूलाई अस्तित्वमा ल्याइरहेको यस समस्याले यस वर्ष पनि नियमितता पाएको छ । सुविधायुक्त क्षेत्रका विद्यार्थीहरु पुस्तकको स्थानमा फोटोकपीवाट काम चलाउन वाध्य रहेका छन भने दुर्गम क्षेत्रका विद्यार्थीहरु पुस्तकको अनुहार नै देख्न नपाई अन्तिम परीक्षामा सहभागी हुनुपर्ने अवस्था छ ।

**अन्तरिम संविधान २०६३** ले प्रत्येक नागरिकलाई राज्यवाट कानुनका व्यवस्था भए वमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हनेछ भनी मौलिकहरुको धारा १७ को उपधारा २ मा उल्लेख गरेको छ । अन्तरिम संविधान २०६३ को धारा ३३ को (७) सवै विभेदकारी कानुनको अन्त्य गर्ने कुरा उल्लेख गरिएको छ भने धारा ३५ को उपधारा १ मा देशको सन्तुलित विकाशका लागि आर्थिक लगानीको न्यायोचित वितरण गरी सवैक्षेत्रमा जनताको शिक्षा, स्वास्थ्य यातायात आवास र रोजगारी जस्ता आधारभूत कुराहरुको विकाशगरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने नीति राज्यले अवलम्वन गर्नेछ भनी उल्लेख गरिएको छ । त्यस्तै धारा ३५ कै उपधारा १० मा शिक्षा स्वास्थ्य आवास खाद्य सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षको व्यवस्था गरी आर्थिक तथा सामाजिकरुपले पिछिडिएका आदिवासी जनजाति मधेसी, दलित लगायत सिमान्तकृत समुदाय तथा गरिवीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति राज्यले अवलम्वन गर्नेछ । यसरी नेपालको अन्तरिम संविधान २०६३ ले शिक्षा लिन पाउनु राज्यका प्रत्येक नागरिकको नैसर्गिक अधिकार हो भने तथ्यलाई कानुनी एवं संवैधानिक ग्यारेण्टी प्रदान गरेको छ । वालवालिकाहरुलाई शिक्षादिनु भन्नाले सम्वन्धित विषयको ज्ञान अभिवृद्धि गराइ उनीहरुमा शारिरीक

मानसिक संवेगात्मक तथा चौतर्फी विकासको साथै सर्वङ्गीण विकासमा टेवा पऱ्याउनु हो । यस्तो शिक्षाको मूल अभिप्राय प्रति आकर्षित गराउने र सिकाइ अवसर सृजना गर्ने तथा अभ्यास गर्ने महत्वपूर्ण साधन पाठ्यपुस्तक नै हो र यो निःशुल्क एवं सर्वसुलभ भएमा शिक्षाको समान अवसर उपलब्ध हुनेमा दुइ मत हुन सक्दैन ।

**अन्तरिम योजना २०६४** ले शिक्षामा परापूर्वकाल देखि वञ्चित आदिवासी जनजातिका प्रमुख समस्याहरुमा कानुनी विभेद्, मातृभाषामा शिक्षा प्राप्त गर्न नसक्नु, राजनैतिक पहुँचमा कमी भाषा संस्कृति धर्म र जातका आधारमा भेदभाव हुनु जस्ता समस्या समाधानका लागि शिक्षा स्वास्थ्य र रोजगारीलाई अधिकारका रुपमा स्थापित गर्ने, वञ्चितमा परेका समुदायलाई विकाशको मूलधारमा ल्याउन उपयुक्त शिक्षाको बयवस्था गरी विद्यालय भर्नादर वढाउने, आदिवासी जनजातिको शैक्षिकस्तर वृद्धिगर्न प्रोत्साहन सहितको निःशुल्क पाठ्यपुस्तक सहितको निःशुल्क शिक्षा

दिइनेछ भनी उल्लेख गरिएको छ । माथि उल्लेखित साहित्यको अतिरिक्त थप साहित्यहरु नपाइएकोले जेजति साहित्यको अध्ययन तथा विश्लेषणवाट सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धमा जानकारी प्राप्त  भयो, त्यसकै आधारमा समस्यालाई उजागर गर्ने प्रयास गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अध्ययनलाई सैद्धान्तिक आधार प्रदान गर्न सामाजिक न्याय सिद्धान्तलाई प्रमूख आधार मानिएको छ यस सिद्दान्तका प्रतिपादक जोन राल्स हुन् । राल्सको न्यायको सिद्दान्तअनुसार समाजमा स्वतन्त्रता, समान अवसर सहयोगात्मक ब्यवस्थापन जसले समाजका कम तथा वढी लाभान्वित सदस्यलाई फाइदा पुऱ्याउदछ । न्याय त्यो संरचना हो जहाँ जात, वर्ग, लिङ्ग, भाषा, धर्म आदिको भेदभावरहित समाजमा विद्यमान सवै किसिमका वन्धन र असमानताको अन्त्यका लागि नागरिक स्वतन्त्रता, सहभागिता, शक्ति वितरण, सामाजिक, साँस्कृतिक न्याय, सम्पति आर्जनको अवसर आदिको न्यायोचित रुपले वितरण गरिन्छ । राल्सको न्यायको सिद्दान्तलाई निश्पक्षताको सिद्धान्त पनि भनिन्छ ।

राल्सको सिद्धान्तले व्यक्ति तथा समाजको वारेमा यसरी चिन्तन मनन गर्न लगाउछ कि जसवाट आपसी सहयोगात्मक शुद्ध पद्दतिको विकाश होस जसवाट न्याय वितरण समय सापेक्ष एक पिंढीवाट अर्को पिंढीमा सर्देजान्छ । मानिसहरु प्राकृतिक रुपमा स्वतन्त्र तथा समान हुन्छन् भन्ने राल्सको धारणाअनुसार प्रत्येक ब्यक्तिको समान आधारभूत स्वतन्त्रताको अधिकारका समाजमा संगठित रुपमा सम्मानितजीवन जिउन पाउनुपर्छ । पूर्ण जीवन जिउनका लागि विचारको स्वतन्त्रता विवेकको स्वतन्त्रता राजनैतिक स्वतन्त्रता तथा संघ संस्था खोल्न पाउने स्वतन्त्रता आवाश्यक हुन्छ, जुन नियम र कानुनमा वाँधिएको हुन्छ ( आलेमगर, दृष्टिविहिनहरुको अतिरीक्त क्रियाकलापमा सहभागिता, २०६९, पेज, २१ ) ।

राल्सको सिद्धान्तको आधारमा धनी, गरीव, साङ्ग, अपाङ्ग, धर्मलिङ्ग, संस्कृत्ति परम्परा जातजाति क्षेत्र भाषाभाषी जनजाति जस्तो सामाजिक विविधतामा रहेका सवै वालवालिकाहरुले समान दृष्टि र समान व्यवहारका साथै मानवअधिकारका रुपमा शिक्षाको समान अवसर पाउनुपर्दछ । जसलाईसामाजिक न्याय भनिन्छ । सामाजिक नीति नियमका आधारमा समताको सिद्धान्त अवलम्वन गरी शैक्षिक गतिविधी सञ्चालन गर्नुनै यहाँ शिक्षामा समाजिक न्याय भनिएको हो । सामुदायिक विद्यालयमा विशेषतः गरीव, दलित उपेक्षित एवं मध्यम र निम्न मध्यम वर्गीय

वालवालिकाहरुहुने भएकोले उनीहरुलाई मूख्यतः पारीवारिक आर्थिक संकटले पिरोलीराखेको हुन्छ । यस्तावालवालिकाहरुले निःशुल्क शिक्षाको अवसर पाए भात्रै विद्यालय प्रति आकर्षित हुने र विद्यालयका टिकिराख्ने हुन्छन् । अन्यथा उनीहरु विद्यालय शिक्षावाट वञ्चित हुनपुग्दछन् भने अर्कातिर आर्थिक दुरावस्थाको कारणवाट उक्त वर्ग र समुदायका वालवालिकाहरु पाठ्यपुस्तक लगायतका अन्य सामग्री हरु आफैले खरीद गर्न सक्ने क्षमता राख्दैनन् । यदि उनीहरुलाई पाठ्यपुस्तक समयमा नै सरल र सहज तरीकाले उपलब्ध हुन्छ भने उनीहरु विद्यालयको सम्पूर्ण शैक्षिक गतिविधीमा संलग्नहुने अवसर उपलबध भई गुणात्मक शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकार प्राप्त गर्दछन् । यसलाई शिक्षामा एकप्रकारको न्याय मान्न सकिन्छ । यस सिद्धान्तले समाजका साथै विद्यालयमा हुने हरेक प्रकारका विभेदलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउदछ । यहि मान्यताका आधारमा राल्सको न्यायको सिद्धान्तलाई मूख्य सैद्धान्तिक आधारको रुपमा लिइएको छ ।

## २.३. अनुसन्धानको लागि पुनरावलोकनको उपादेयता

प्रस्तुत सम्वन्धित साहित्यको पुनरावलोकनवाट अहिले सम्म यस विषयसंग सम्वन्धि भई स्थापित सिद्धान्त र सिद्धान्तले वनाएका मूलभूत पक्षहरु उजागर हुने गर्दछ । सम्वन्धित साहित्यको पुनरावलोकनवाट सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धि विगतको सरकारी प्रयास एवं त्यसको समिक्षा गर्न सहयोग पुगेको छ  भने वर्तमान अवस्थामा पाठ्यपुस्तक वितरण व्यवस्थापनका वास्तविक चुनौतिहरु के के हुन् भन्ने पक्षलाई स्पष्टतातका उजागर गरेको छ । पाठ्यपुस्तक वितरणमा सरोकारवाला पक्षहरु को के हुन् ? सरोकारवाला व्यक्ति र संस्थाहरुको भूमिका के के हो ? भन्ने कुरालाई पुनरावलोकनले स्पष्टता गर्न सकेको छ । पाठ्यपुस्तक वितरणले विद्यार्थीहरुमा पारेको प्रभाव तथा सामुदायिक विद्यालयहरुमा पाठ्यपुस्तक वितरण सम्वन्धी विद्यमान चुनौतिहरु सामना गर्न अपनाउनु पर्ने उपायहरुको सन्दर्भमा सम्वन्धित साहित्यको पुनरावलोकनले मार्ग निर्देशन गर्न सकेको छ । शिक्षा पाउने नागरिकको जन्मजात अधिकार हो र आफ्ना नागरिकहरुलाई सर्व सुलभ एवं गुणस्तरीय शिक्षा प्रदान गर्नु राज्यको दायित्व हो । त्यसैले नेपाल जस्तो अल्पविकसित देश एवम् विभिन्न गरीव उपेक्षित दलित, सिमन्तकृत वर्ग र समुदायका वालवालिकाहरुलाई सामुदायिक विद्यालय मार्फत गुणस्तरीय शिक्षा प्रदान गर्न एवम् सामाजिक न्यायको सिद्धान्त तथा लोककल्याणकारी राज्यको अवधारणा मुताविक तथा सवैकालागि शिक्षा भन्ने अर्न्तराष्ट्रिय प्रतिवद्धता अनुसार देशमा लागूगरिएको शैक्षिक कार्यहरुलाई सफलता साथ सम्पन्न गर्न लक्षित समुदायका वालवालिकाहरुलाई विद्यालयमा आकर्षित गर्न तथा विद्यालयमा

टिकाइ राख्न र अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न शिक्षा प्रदान गर्नेविविध व्यवस्थापकीय कार्य विभिन्न कार्यक्रम हरु मध्ये एउटा महत्वपूर्ण कार्यक्रम पाठ्यपुस्तक वितरण व्यवस्थापनकार्यक्रम हो भने तथ्यलाई यो सम्वन्धी विगत साहित्यको पुनरावलोकनले स्पष्ट पारेको छ भने यसको प्रभावकारी कार्यान्वयनको लागि भविष्यको लागि समेत आधारप्रदान गरेको छ ।

# परिच्छेद तीनः अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यस अनुसन्धानका सूचना प्राप्त गर्ने तरिकाका आधारमा वर्गीकरण गरिएका परिमाणात्मक र गुणात्मक सूचना तथा तथ्याङ्कलाई मिश्रित ढाँचामा अध्ययन गरिएको छ । अनुसन्धानको उद्देश्यअनुसार शाब्दिकरुपमा संकलन गरिएका असांख्यिक तथ्याङ्कलाई तार्किक विधिद्वारा विश्लेषण गरी निश्कर्ष निकाल्नु पर्ने भएकोले यो अनुसन्धान गुणात्मक विशेषतामा पनि आधारित छ । संख्यात्मक तथ्याङ्क पनि प्रस्तुत भएकोले यो अनुसन्धान परिमाणात्मक र गुणात्मक दुवैको मिश्रित ढाँचामा आधारित छ । यहि मिश्रित ढाँचालाई आधार मानी तथ्याङ्कको विश्लेषण गरि निष्कर्ष निकालिएको छ ।यसरी यस अध्ययनको अनुसन्धान ढाँचा मिश्रित स्वरुपको छ ।

## ३.२ जनसंख्या र नमूना

तलिका १ : जनसंख्या र नमूना

यस अध्ययनको जनसंख्या र नमूना छनौटलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | जनसंख्या | नमूना | नमूना छनौटको आधार |
|---|---|---|---|---|
| १ | विद्यालय | १० | ३ | उद्देश्यमूलक |
| २ | विद्यार्थी | १०० | ३० | ” |
| ३. | प्र.अ. | १० | ३ | ” |
| ४ | व्यवस्थापन समितिका अध्यक्ष | १० | ३ | ” |
| ५ | व्यवस्थापन समितिका सदस्य | ६० | २० | ” |
| ६ | स्रोतव्यक्ति | १ | १ | ” |
| ७ | शिक्षक | २७ | ९ | ” |

## ३.२.१. नमूना छनौट विधि

यस सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन विषयमा अनुसन्धानका लागि दुई किसिमको नमूना छनौट पद्धतीको प्रयोग गरिएको छ । पहिलो नमूना छनौट पिद्धतीमा सम्भावनायुक्त नमूना छनौट पद्धती र दोस्रो सम्भावना रहित नमूना छनौट विधि साथै अध्ययनको उद्देश्य अनुसार उद्देश्य पूर्ण नमूना छनौट विधि लाई मुख्य आधार मानी अनुसन्धान गरिएको छ । अध्ययनले नमूना छनौट विधिलाई सम्भावना युक्त नमूना छनौट र सम्भावना रहित नमूना छनौट पद्दती गरि दुई प्रकारले विभाजित गरिएको छ । अध्ययनको उद्देश्यअनुसार उद्देश्यपूर्ण नमूना छनौट विधिको प्रयोग गरिएको छ ।

## ३.२.२. नमूना छनौटकाआधार

यस अध्ययनको लागि उपलब्ध हुन सक्ने स्रोतसाधन र समयलाई आधार मानेर सप्तरी जिल्लाको मध्य भागमा पर्ने वनरझूला स्रोतकेन्द्र अन्तर्गत पर्ने ४४ वटा सामुदायिक विद्यालय मध्ये ३ वटा विद्यालयलाई नमूना छनौटको रुपमा लिएको छ। उक्त विद्यालयहरु मध्ये श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर शहरी क्षेत्र पर्ने सुविधा सम्पन्न विद्यालयहरुको प्रतिनिधित्व गर्न सक्ने १०+२ विद्यालय हो भने श्री जनता मा.वि.लालपट्टी ग्रामीण क्षेत्रको भौतिक सुविधा एवं प्रयाप्त शिक्षक दरवन्दीको सुविधा नभएको विद्यालयको प्रतिनिधित्व गर्ने सक्ने विद्यालय तथा श्री रा.प्रा.वि.कल्याणपुर वजार ग्रामीण तथा शहरी दुवै क्षेत्रको विचमा पर्ने विशुद्ध प्रा.वि.तहका विद्यालयहरुको प्रतिनिधित्व गर्ने विद्यालय भएकोले अध्ययनमा राखेको उद्देश्य प्राप्त गर्न महत्वपूर्ण तथ्य सूचना लिन विश्वासिलो आधार भएकोले नै उक्त तीन विद्यालयलाई नमूना विद्यालयको रुपमा छनौट गरिएको छ । नमूना छनौटका लागि अन्य सरोकारवाला पक्षहरु मध्ये उक्त तिन विद्यालयका प्र.अ. प्रत्येक विद्यालयका ३,३ जना शिक्षक, ३,३ जना विद्यार्थी एवं तिनवटै विद्यालयका ब्यवस्थापनका समितिका अध्यक्ष र १, १ जना विद्यालय ब्यवस्थापन समितिका सदस्य र स्रोत ब्यक्तिलाई पनि नमूना छनौटको रुपमा लिइएको छ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

अध्ययन तथा अनुसन्धानको क्षेत्र छनौट भएपछि कून कून स्रोतहरुवाट सूचना तथा तथ्याङ्क संकलन गर्न सकिन्छ  स्पष्ट हुनुपर्दछ। यसरी अनुसन्धानका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु प्राप्त गर्ने स्रोतहरुलाई तथ्याङ्कका स्रोत भनिन्छ। कुनै पनि अनुसन्धानको उद्देश्य पूर्ती गर्न अनुसन्धानलाई यथार्थपुरक वनाउन त्यस अनुसन्धानका प्रयोग गरिएका तथ्याङ्कहरुको प्रकृतिले महत्वपूर्ण भूमिका खेल्दछ । यस अनुसन्धानलाई यर्थात परक वनाउनका लागि आवश्यक तथ्याङ्क मूख्य गरी २ वटा स्रोतहरुवाट संकलन गरिएको छ।

### १. प्राथमिक स्रोत

तथ्याङ्क संकलन गर्ने महत्वपूर्ण स्रोत प्राथमिक स्रोत हो । अनुसन्धानकर्ताले स्वयं आफैले अनुसन्धानको उद्देष्य वमोजिम आवश्यक सूचनाहरु स्थलगत रुपमा संकलन गरी प्राप्त सूचनालाई प्राथमिक स्रोत भनिन्छ । यस अध्ययनमा नमूना छनौटमा परेका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरु शिक्षक प्र.अ. व्यवस्थापन समितिका अध्यक्ष र स्रोतब्यक्ति लाई प्रश्नावली अन्तरवार्ताका माध्यमवाट आवश्यक प्राथमिक स्रोतको रुपमा सूचनाहरु संकलन गरिएको थियो । साथै स्थलगत अध्ययन अवलोकनको माध्यमवाट पनि सूचनाहरु सङ्कलन गरिएको छ ।

### २. द्वितीय स्रोत

सहायक स्रोत भन्नाले अन्य संघ संस्था व्यक्तिवाट प्रकाशित शोधपत्र, लेख रचना पुस्तकहरु, पत्रपत्रिकाहरुवाट लिइने सूचना तथ्याङ्कलाई मानिन्छ । अध्ययनका सहायक स्रोतको अध्ययन विश्लेषणवाट आवश्यक सूचना तथा तथ्याङ्कहरु संकलन गरिएको छ । यस अध्ययनका लागि सहायक स्रोतका रुपमा विभिन्न पुस्तकहरु पत्रपत्रिका, नेपालको अन्तरिम संविधान २०६३,

अन्तरिमत्रिवर्षिय योजना २०६४-६७ को आधारपत्र विभिन्न शोध ग्रन्थ, लेख रचना, विद्यालयका अभिलेखहरु आदिलाई लिइएको छ ।

## ३.४ अनुसन्धानकासाधनहरु

यस अध्ययनमा सप्तरी जिल्ला अर्न्तगतबनरझूला स्रोतकेन्द्र अर्न्तगत श्री भ.स.रा.ज.उ.मा.वि. कल्याणपुर, श्री जनता मा.वि. लालपट्टी तथा श्री राष्ट्रिय प्रा.वि. कल्याणपुर वजारमा निःशुल्क पाठ्यपुस्तक वितरण व्यवस्थापनको वर्तमान, यसले पठन पाठनमा पारेको असर

यसका वर्तमान चुनौतीहरुतथा सुधारका उपायहरु सुझाउनको लागि यस अध्ययनमा निम्न साधनहरुको प्रयोग गरिएको छ ।

### (क) अवलोकन

योअध्ययनको मूख्य साधनहरु मध्ये अवलोकन एक हो । नमूना छनौटमा परेका तीन ओटा सामुदायिक विद्यालयहरुको स्थलगत अवलोकनका आधारमा अवलोकन फारम भरेर पाठ्यपुस्तक वितरण व्यवस्थापनको विगत र वर्तमान अवस्थाको यर्थातता प्रस्ट पारी त्यसकै आधारमा विश्लेषनगरी निश्कर्ष निकालिएको छ ।

अवलोकन पद्धति, प्रकृति, विषयवस्तु र सहभागिता आदिको आधारमा अनियन्त्रित, नियन्त्रित र सामुहिक अवलोकन गरी ३ प्रकारका विभाजन गरिएको छ । यस अध्ययनका अवलोकन विधिको सहभागितामूलक अनियन्त्रित अवलोकन विधिको प्रयोग गरिएको छ । यस अवलोकन विधिवाट यथार्त वा प्राकृतिक रुपमा नै तथ्याङ्क प्राप्त गर्न सक्ने, गोप्य र दुर्लभ विवरण प्राप्त गर्न सक्ने, विश्वसनीय र वैध जानकारी प्राप्त गर्न सक्ने र सरल पद्धति भएकोले यस अध्ययनमा सहभागितामूलक अनियन्त्रित अवलोकन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएको अवलोकन फारम अनुसूची ६ (क) र ६ (ख) मा राखिएको छ ।

### (ख) अन्तर्वार्ता

शैक्षिक अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरु संकलन गर्न विभिन्न विधिहरु मध्ये अन्तरर्वाता पनि प्रभावकारी विधि हो ।

अन्तर्वार्तालाई विभिन्न विद्वानहरुले विभिन्न किसिमले वर्गीकरण गरेको भएतापनि यस अध्ययनमा औपचारिक अन्तरवार्ता विधि प्रयोग गरिएको थियो । यस विधिमा प्रश्नहरु पूर्वनिर्धारित रुपमा निर्धारण गरी उत्तरदातालाई प्रश्न सोधी प्राप्त उत्तरहरुलाई व्यवस्थित किसिमले लेख्ने वा रेकर्ड गरी राखिने भएकोले यस विधिलाई यस अनुसन्धानमा प्रयोग गरिएको छ । औपचारिक अन्तर्वार्ता नमूना छनौटमा परेका व्यवस्थापन समितिका अध्यक्ष, सदस्य, प्र.अ., शिक्षक, विद्यार्थी र स्रोत व्यक्तिसँग गरीएको छ भने अनुसन्धानलाई थप व्यवहारिक वनाउन

स्थानिय अविभावक र अन्य विद्यार्थीसँग पनि अनौपचारिक ढङगले अन्तर्वार्ता लिएर प्राप्त उत्तरलाई रेकर्ड गरिएको छ ।

### (ग) प्रश्नावली

प्राथमिक तथ्याङ्कहरु संकलन गर्न विधिहरु मध्ये प्रश्नावली पनि एउटा प्रमूख विधि हो । सामान्य तथा संरचित प्रश्नावली, खुला प्रश्नावली, वन्द प्रश्नावली, मात्रात्मक प्रश्नावली र मिश्रित प्रश्नावली आदि विभिन्न प्रकारमा विभाजित गरेको पाइन्छ । यस अध्ययनमा खुला र वन्द प्रश्नावलीहरु निर्माण गरी नमूना छनौटमा परेका प्र.अ. शिक्षक, विद्यार्थीहरु, व्यवस्थापन समितिका अध्यक्षहरुलाई सोधी प्राप्त विचारहरुलाई सूचनाको रुपमा विश्लेषण गरिएको छ । प्रश्नावलीको नमूना अनुसूची १देखि ५ सम्म राखिएको  छ ।

## ३.५ तथ्याङ्क संकलन प्रकिया

शोधपत्रको उद्देश्य अनुसार तथ्याङ्क संकलन गर्न सर्वप्रथम अध्ययन क्षेत्रको विद्यालयको विभागीय स्वीकृति लिइएको छ । अनुसन्धानको लागि संस्थागत सूचनाहरु संकलनकार्यलाई समयतालिका मिलाइएको छ । तथ्याङ्क सङ्कलनका लागि आवाश्यक खाका आदि स्वयं तयार पारेर नमूना छनौटमा परेको शिक्षक, प्र.अ. विद्यार्थी, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, सदस्य र स्रोत ब्यक्ति वाट आवश्यक सूचना तथा तथ्याङ्क, अन्तरवार्ता प्रश्नावलीको माध्यमवाट संकलन गरिएको छ ।

अनुसन्धानको उद्देश्यलाई तथ्यपरक वनाउन अनुसनधानमा संकलित तथ्याङ्कको मूल प्रकृति प्राथमिक र  कतिपय तथ्याङ्कहरु सहायक श्रोतको रुपमा समेत उपयोग गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण प्रकिया

यस अध्ययनमा प्राप्त सूचना तथा तथ्याङ्कहरुको विश्लेषणमा गुणात्मक र परिमाणात्मक दुवै विधिको प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई तालिका चार्टमा समेत प्रस्तुत गरिएको छ । यसका लागि नमूना छनौटमा परेका अध्ययन क्षेत्र प्र.अ., शिक्षक, विद्यार्थी, ब्यवस्थापन समितिका अध्यक्ष संग अन्तरवार्ता, प्रश्नावली, अवलोकन जस्ता साधनहरुको प्रयोग गरी प्राप्त सूचना तथा तथ्याङ्कहरुको गुणात्मक तथा परिमाणात्मक विधिद्वारा विश्लेषण गरी प्राप्त भएका सूचना तथा तथ्याङ्कहरुवर्णनात्मक विधिको प्रयोग गरी प्रस्तुत नतिजा एवं निश्कर्ष सहित आवश्यक सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

# परिच्छेद चार :नतिजा विश्लेषण

कुनै पनि अध्ययन अनुसन्धानलाई पूर्णतादिनको लागि त्यसको विस्तृत रुपमा व्याख्या एवम् विश्लेषण गरिनुपर्ने हुन्छ । व्याख्या विश्लेषणवाट कुनै पनि अध्ययनको कममा प्रयोग गरिएका विभिन्न साधन र स्रोतवाट सलित सूचना एवम् तथ्यलाई विश्लेषण गरी विस्तृत रुपमा व्याख्या गरिएको हुन्छ । यस अध्ययनमा सामुदायिक विद्यालयमा पाठ्यपुस्तकल वितरण सम्वन्धमा प्र.अ. शिक्षक विद्यालयल व्यवस्थापन समितिका अध्यक्ष स्रोत व्यक्ति, विद्यार्थीका धारणा अनुभव वुझाई विभिन्नल स्रोतवाट सहित सूचनाहरुको अवस्था प्रस्तुत गर्नुको साथै पाठ्यपुस्तक वितरण व्यवस्थापनको लागि नमूना छनौटमा परेका विद्यालयहरुको अवलोकन गरी प्राप्त तथ्याङ्क एवंम् सूचनालाई विश्लेषणल गरिएको छ । यसै तथ्य तथ्याङ्क एवम् सूचनाको सहायतावाट सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनको अवस्था लेखाजोखा गर्न खोजिएको छ ।

यस अध्ययन सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरणको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपायहरु सुझाउन केन्द्रित रहेकोमा सप्तरी जिल्लाको बनरझूला स्रोत केन्द्र अर्न्तगतको सामुदायिक विद्यालयहरु श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर, श्री जन्ता मा.वि. लालापट्टी र श्री राष्ट्रिय प्राथमिक विद्यालय कल्याणपुर -३, वजार का प्र.अ. शिक्षक, वि.ब्य.समितिका अध्यक्ष, स्रोतब्यक्ति एवं विद्यार्थी सँगको अर्न्तवार्ता, प्रश्नावली, समूह छलफल एवं ती विद्यालयहरुको स्थलगत अवलोकन भ्रमण गरी सूचना एवं तथ्याङ्क संकलन गरी ब्याख्या एवं विश्लेषण गरिएको छ

## ४.१ सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरणको वर्तमान अवस्था

### ४.१.१ सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरणमा सरोकार वालाले निर्वाह गरेको भूमिका

यस अध्ययन छनोटमा परेका ३ वटा विद्यालयमा पाठ्यपुस्तक वितरणमा सरोकारवालाले निर्वाह गरेको भूमिका अवस्था अध्ययन गर्दा निम्नानुसार पाइयो ।

तीनवटा विद्यालय मध्ये श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर सप्तरीमा प्र.अ.ले विद्यालयको लेखापालसंग विद्यालयको विद्यार्थी संख्या कक्षा चढेर आउने तथा अनुमानित नव प्रवेशीको अनुमान गर्ने र पुराना पाठ्यपुस्तक विद्यार्थीहरुवाट वुझाउन लगाउने र केहि

नयाँपाठ्यापुस्तक मिलाएर एउटा कोठामा भेला पारेर नयाँ र पुरानो पाठ्यापुस्तक वुझाउने लाई पुरानो र नयाँ पाठ्यपुस्तक मिलाएर विद्यालयसहयोगीको हातवाट वितरण गर्न लगाउने गरेको पाइयो । नयाँ पाठ्यपुस्तकको लागि विद्यालयमा कति सेट पाठ्यपुस्तक उपलब्ध गराएको हो, सोको कुनैपनि जानकारी शिक्षक एवं अभिभावक र विद्यार्थीहरुलाई दिएको पाइएन भने पाठ्यपुस्तक वैशाख देखि आषाढ पहिलो हप्ता सम्म वितरण गरेको पाइयो (स्थलगत अवलोकन, २०७२) ।

नमूना छनोटमा परेको जनता मा.वि. लालपट्टीमा पनि प्र.अ.ले आपपनै प्रकारले एक्लैले पा्यपुस्तक खरिद गरेर ल्याउने र शिक्षकलाई पुराना र नयाँ पाठ्यपुस्तक मिलाएर वितरण गर्न लगाइएको पाइयो । वितरण पनि समयमानै नभैकन वैशाख देखि ज्येष्ठसम्म वितरण गरेको पाइयो भने कतिपय विद्यार्थीहरुले नयाँ पाठ्यपुस्तक नपाएर पुरानो र फाटेकोमानै चित्त वुझाएको पाइयो पाठ्यपुस्तकको लागि जि.शि.का.वाट अनुदान रकमको कुनै पनि पारदर्शिता पाइएन ।

राष्ट्रिय प्रा.वि. कल्याणपुर वजारमा भने विद्यार्थीसंख्या न्यून रहेको तर पाठ्यपुस्तक सवै विद्यार्थीहरुलाई नयाँ नै वितरण गरेको पाइयो । तर जि.शि.का. वाट प्राप्त अनुदान रकमको पारदर्शिता पाइएन । अघिल्लो शैक्षिक वर्षको मौजुदा पाठ्यपुस्तकको पनि कुनै प्रकारको अभिलेख हिसाव किताव ३ वटै विद्यालयमा नरहेको पाइयो (ऐजन) ।

यस अध्ययनको नमूना छनौटमा परेको श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर, सप्तरीमा जम्मा प्रा.वि.देखि मा.वि.सम्म १६ जना साधारण विद्यालयतर्फका शिक्षक एवं ५ जना प्राविधिक तर्फका प्रशिक्षक र ४ जना विद्यालयका कर्मचारीहरु मध्ये पाठ्यपुस्तक वितरणमा प्र.अ.ले जिम्मेवारी नदिइएकाले कि कर्तब्यबिमुख भएको पाइयो । विशेषत : कक्षा शिक्षकले पाठ्यपुस्तक वितरण कार्यमा विद्यालय सहयोगीलाई सामान्य सहयोग गरेपनि अन्य शिक्षकहरुले कुनैपनि भूमिका निर्वाह नगरेको पाइयो । कक्षा शिक्षकले हाजिरी खातामा पुस्तक पाउनेको नामको अगाडि ठिक लाउने र पाठ्यपुस्तक नपाएकालाई पाठ्यपुस्तक दिनु भनी विद्यालय सहयोगीलाई चिटमा लेखेर पठाएको पाइयो (ऐजन) ।त्यस्तै नमूना छनौटमा परेको श्री जनता मा.वि. लालपट्टीमा १४ जना शिक्षक एवं २ जना

कर्मचारीहरुमध्ये प्र.अ.ले पुयाएको एवं तोकेको शिक्षकवाट मात्र पाठ्यपुस्तक वितरण गर्न लगाएको पाइयो भने वाँकी शिक्षकहरु भूमिकाहिन भएको पाइयो ।

नमूना छनौटमा परेको श्री रा.प्रा.वि.कल्याणपुर ३ मा भने प्र.अ. र शिक्षक दुवै मिलेर पाठ्यपुस्तक वितरण गरेको पाइयो तर पढाइ लेखाइ कमजोर भएको विद्यार्थीहरुलाई शिक्षकले पुरानै पाठ्यपुस्तक वढी मात्रामा वितरण गरेको पाइयो (ऐजन) ।

नमूना छनोटमा परेका तीन वटै विद्यालय एउटै स्रोतकेन्द्र (वनरझूला) मा परेको र स्रोत ब्यक्ति एकै जना भएकोले स्रोत ब्यक्तिको सक्रिय भूमिका पाइएन । स्रोत केन्द्र भित्र जम्मा ४४ वटा विद्यालय रहेका एवं जि.शि.का.को कार्यव्यस्तता, तालिम कार्यक्रम एक्लैले सञ्चालन गर्नुपर्ने भएवाट स्रोतब्यक्तिले खाली विद्यालयलाई स्रोतकेन्द्र स्तरीय प्र.अ. वैठकमा निःश्पक्ष एवं व्यवहारिक ढंगवाट सवै लक्षित वर्गका विद्यार्थीहरुले सजिलै पाठ्यपुस्तक पाउने ब्यवस्था गर्नु भनी निर्देशन दिएको पाइयो तर जि.शि.का.वाट प्रत्येक विद्यालयलाई उपलब्ध पाठ्यपुस्तक सेट, र विद्यार्थीसंख्या मिलान एवं सवै विद्यार्थीहरुले नयाँ पाठ्यपुस्तक समयमा पाए नपाएको वारेमा कुनै चासो राखिएको पाइएन (स्थलगत अवलोकन, २०७२) ।

यस अध्ययनको नमूना छनोटमा परेको श्री भ.स.रा.ज.उ.मा.वि कल्याणपुर सप्तरीका विद्यालय ब्यवस्थापन समितिका अध्यक्षले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण ब्यवस्थित गर्ने सन्दर्भमा कुनै वैठक, गोष्ठी सेमीनार सञ्चालन नगरेको एवं ब्यवस्थापन समितिको नियमित वैठकमा  पाठ्यपुस्तक वितरण सम्बन्धमा कुनैपनि प्रकारको सहयोग नगरेको पाइयो । ब्यवस्थापन समितिका कुनै पनि पदाधिकारीलाई समेत पाठ्यपुस्तक वितरणको लागि सहयोग गर्न समेत सल्लाह नदिएको पाइयो (ऐजन) ।

त्यस्तै यस अध्ययनको नमूना छनोटमा परेको श्री भ.स.रा.ज.उ.मा.वि. कल्याणपुर सप्तरीका विद्यालय ब्यवस्थापन समितिका अध्यक्षले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण ब्यवस्थित गर्ने सन्दर्भमा कुनै वैठक, गोष्ठी सेमीनार सञ्चालन नगरेको एवं ब्यवस्थापन समितिको नियमित वैठकमा पाठ्यपुस्तक वितरण सम्बन्धमा कुनै पनि प्रकारको प्रस्ताव र निर्णय नगराएको तथा स्वयं आफूले पनि कुनै पनि प्रकारको सहयोग नगरेको पाइयो ।

व्यवस्थापन समितिका कुनैपनि पदाधिकारीलाई समेत पाठ्यपुस्तक वितरणका लागि सहयोग गर्न समेत सल्लाह नदिएको पाइयो ।

त्यस्तै यस अध्ययनको नमूना छनौटका परेको श्री जनता मा.वि. लालपट्टीका व्यवस्थापन समितिका अध्यक्षले पाठ्यपुस्तक वितरणमा आपनो ञसहयोग आवश्यक पर्दछ भन्ने कुरा समेत नबुझेको पाइयो । पाठ्यपुस्तक कहिले वाँडने?, कसरी वाँडने ?, सबैलाई न्यायोचित वितरण कसरी गर्ने ?भन्ने सन्दर्भमा जिज्ञासा राख्दा त्यो सवैकुरा विद्यालयको प्र.अ. र शिक्षकले मात्र जान्ने हो आफूले होइन भन्ने वुझाई रहेको पाइयो ।

यस अध्ययनको नमूना छनौटमा परेको श्री राष्ट्रिय प्रा.वि. कल्याणपुर ३ सप्तरीका व्यवस्थापन समितिका अध्यक्ष र प्र.अ. को विचमा विद्यालयको समस्या सम्वन्धमा छलफल समेत नहुने गरेको पाइयो । प्र.अ. ले विद्यालयको समस्याको वारेमा व्यवस्थापन समितिका अध्यक्षलाई कुनै जानकारी नगराउने र अध्यक्षले पनि वुझ्न नचाहेको पाइयो । यस्तो अवस्थामा पाठ्यपुस्तक वितरणमा विद्यालय व्यवस्थापन समिति का अध्यषको कुनैपनि प्रकारको सहयोगको भूमिका खेलेको पाइएन (ऐजन) ।

यस अध्ययनको नमूना छनौटमा परेका श्री भ.स.रा.ज.उ.मा.वि. कल्याणपुर र श्री जनता मा.वि. लालपट्टी दुवै विद्यालयका विद्यार्थीहरुले कक्षा १० का एस.एल.सी. दिएका विद्यार्थी वाहेक अन्य सवै कक्षा उत्तीर्ण गरेका विद्यार्थीहरुले आफ्नो पूर्व कक्षामा अध्ययन गरेका पुराना पाठ्यपुतक विद्यालयमा वुझाएर मात्र नयाँ कक्षाका लागि पाठ्यपुस्तक लिने गरेको पाइयो । यसरी लिएको नयाँ पाठ्यपुस्तक भित्र पुराना पाठ्यपुस्तक समेत मिसाएर दिदा स्विकार गरेको पाइयो । त्यसतै दुवै विद्यालयका विद्यार्थीहरु मध्ये नयाँ भर्ना भएका अन्य विद्यालयवाट कक्षान्नोती भई आएका विद्यार्थीहरुले विद्यालयमा भर्ना भएको भर्ना रेकर्ड स्वरुप शुल्क तिरेको रसिद वुझाएर मात्र नयाँ पाठ्यपुस्तक लिने गरेको पाइयो भने अनुत्तीर्ण भएका विद्यार्थीहरुले अधिकांश त पुरानै पाठ्यपुस्तक पढ्ने गरेको पाइयो भने त्यस्ता

विद्यार्थी मध्ये केहि ले मात्र नयाँ पाठ्यपुस्तक पाएको पाइयो । पाठेयपुस्तक पनि सबै विद्यार्थीहरुले एकैपटक नपाएको पाइयो । एउटै विद्यार्थीले कहिले दुइ कहिले चार वटा हुदै दुई देखि अढाइ महिना सम्ममा मात्र पुरा सेट पाठ्यपुस्तक पाएको पाइयो (ऐजन) ।

नमूना छनौटमा परेको श्री रा.प्रा.वि.कल्याणपुर ३ मा भने सवै विद्यार्थीहरुलाई पुराना पाठ्यपुस्तक बुझाएपछि सवैलाई नयाँ पाठ्यपुस्तक वितरण गरेको पाइयो । नयाँ भर्ना भएका र कक्षा चढेर आउने तथा पुन : कक्षा दोहोयाउने विद्यार्थीहरुलाई पनि नयाँ पाठ्यपुस्तक वितरण भएको तर ज्येष्ठ अन्तिम हप्तामा वा आषाढको पहिलो हप्तामा नयाँ

भर्ना भएका विद्यार्थीहरुले भने पुरानो पाठ्यपुस्तकमा नै चित्त बुझाइएको पाइयो । विद्यार्थीहरुले एकै समयमा पाठ्यपुस्तक नपाएर विभिन्न समयमा नै पटक पटक गरेर पाठ्यपुस्तकको पुरासेट प्राप्त गरेको पाइयो (ऐजन) ।

यस अध्ययनको नमूना छनौटमा परेका श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर, श्री जनता मा.वि.लालपट्टी र श्री रा.प्रा.वि. कल्याणपुर ३ मध्ये श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर सप्तरीमा मात्र शिक्षक अभिभावक संघ गठन भएको छ भने वाँकी दुईमा गठन समेत भएको छैन् । शिक्षक अभिभावक संघ गठन भएको विद्यालयमा पाठ्यपुस्तक वितरणमा कुनै ठोस भूमिका नरहेको पाइयो । पाठ्यपुस्तक वितरणमा शिक्षक अभिभावक संघ लाई कुनैपनि परामर्श एवं सहयोगको लागि अनुरोध समेत नभएको पाइयो ।

यस अध्ययनको नमूना छनौटमा परेको श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर र श्री जनता मा.वि. लालपट्टिले विद्यार्थीहरुसंग अनेकौ शिर्षक अन्तर्गत अत्याधिक शुल्क लिने गरेकोले उक्त विद्यालयका अभिभावकहरु विद्यालयमा पाठ्यपुस्तक प्राप्त हुन्छ भन्ने विश्वास नगरको पाइयो । उनीहरुका निःशुल्क पाठ्यपुस्तक विद्यालयवाट प्राप्त हुन्छ भनेर कुनैपनि प्रकारको उत्प्रेरणा पाइएन् । अधिकांश निम्न र अतिनिम्न वर्गका समुदायवाट विद्यालयमा विद्यार्थीहरु अध्ययननार्थ आउने हुनाले अधिकांश अभिभावक दैनिक जीवनको समस्या

समाधान गर्न काममा जाने हुनाले  पाठ्यपुस्तक वितरणमा विद्यालयवाट अभिभावक संग कुनै सहयोग मागेको पाइएन ।

तालिका : २ विद्यार्थी भर्नाको अवस्था

| विद्यालय | विद्यार्थी संख्या | | |
|---|---|---|---|
| | वर्ष | | |
| | २०६९ | २०७० | २०७१ |
| श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर | ३०५ | २३२ | १०३ |
| श्री जनता मा.वि. लालपट्टी | २५० | २४० | २१० |
| श्री रा.प्रा.वि कल्याणपुर बजार | ५० | ३० | २५ |

(स्रोत : स्थलगत अवलोकन , २०७२)

उपरोक्त विवरणले समयमा पाठ्यपुस्तक वितरण नहुदा विद्यार्थीहरु विद्यालय भर्नामा आकर्षित नहुनु र कतिपय विद्यार्थीले सामुदायिक विद्यालय छाडेर अन्य विद्यालयमा जाने गरेको पाइयो भने कतिपय विद्यार्थीले पढाइ लेखाइ लाई नै छोडेको पाइयो ।

## ४.१.२. पाठ्यपुस्तक वितरणको विगत अवस्था

यस अध्ययनको नमूना छनौटमा परेका तिन वटै विद्यालयमा पाठ्यपुस्तक वितरणको विगत अवस्था एउटै रहेको पाइयो । यस सन्दर्भमा श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरको प्र.अ.ले यस्तो वताउनु भयो :

*२०६७ सालसम्म पहिला विद्यार्थीहरुलाइनै पाठ्यपुस्तक आ -आफैले खरिद गरेर ल्याएपछि त्यसको विल विद्यालयमा वुझाउनु पर्ने र सवै विद्यार्थीले पाठ्यपुस्तकको विल विद्यालयमा वुझाएपछि विल, विद्यार्थी संख्या सहित पाठ्यपुस्तकको लागि चाहिने कूल अनुदान रकम जि.शि.का.मा माग गर्ने, जि.शि.का.ले उक्त अनुदान रकम निकाशा गरेपछि विद्यार्थीलाई विल वमोजिम फिर्ता गर्ने रहेकोमा २०६८ सालदेखि फ्ल्यास एक रिपोर्टका आधारमा जि.शि.का.ले पाठ्यपुस्तक वापतको*

*अनुदान रकम विद्यालयको खातामा जम्मा गर्ने र विद्यालयले पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गर्ने प्रक्रिया रहेको छ ।*

यहि नियम रहेको अन्य दुई विद्यालयका प्र.अ. श्री रामचन्द्र मेहता र लक्ष्मी विश्वकर्माले वताउनु भएकोले पाठ्यपुस्तक वितरण सम्वन्धी प्रकिया सवै विद्यालयमा एउटै रहेको  पाइयो । समयमा पाठ्यपुस्तक वितरण हुन नसकेकोले त्यसवाट विद्यार्थीको पठ्नपाठनमा एकै प्रकारको असर परेको पाइयो ।

## ४.१.३. पाठ्यपुस्तक वितरणमा अनुगमन सम्वन्धी ब्यवस्था

यस अध्ययनको नमूना छनोटमा परेका तिन वटै विद्यालयहरुमा पाठ्यपुस्तक वितरणका अनुगमन सम्वन्धमा यस वनरझूला स्रोत  केन्द्रका स्रोत ब्यक्ति श्री रामसेवक यादव संग प्रश्न गर्दा यस्तो वताउनु भयो :

*पाठ्यपुस्तक वितरणको अनुगमनको लागि विद्यालयमा गएर अनुगमन गर्न सकिएको छैन । खाली प्रत्येक महिनाको ६ गते स्रोत केन्द्र स्तरीय प्र.अ. वैठकमा फल्यास १ का आधारमा पाठ्यपुस्तक वितरण भएको छ कि छैन ? विद्यार्थीहरुले पाठ्यपुस्तक पाएअनुसार भर्पाइ भएको छ कि छैन ? भनेर मात्र हेर्ने गरिएको* छ । ४४ ओटा विद्यालयमा गएर पाठ्यपुस्तक वितरणको अनुगमन गर्न सम्भव नै छैन ।

उपरोक्त कथनका आधारमा विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धी कुनै कार्यतालिका एवं अनुगमन फारमको प्रयोग नभएको पाइयो । अनुगमन नभएको कारण

पाठ्यपुस्तक वितरण सम्वन्धी भएका कमिकमजोरी पत्ता लगाउने र विद्यालयलाई सो सम्बन्धी पृष्ठपोषण उपलब्ध गराउने गरेको पाइएन । साथै पाठ्यपुस्तक वितरणको कारणवाट विद्यार्थीको त्रैमासिक ,अर्धवार्षिक एवं वार्षिक सिकाइ उपलब्धि स्तर औसत वा न्यून वा औसत भन्दा वढी कति छ ? भनेर अनुगमनमा स्पष्ट नगरिएकोले विद्यार्थीको सिकाइ उपलब्धि स्तर वढाउन पाठ्यपुस्तकको विकल्पमा शिक्षकले गर्नुपर्ने कार्यहरुको सम्वन्धमा आवश्यक निर्देशन नभएकोले विद्यालयमा शिक्षण सिकाइ कियाकलापमा सुधार ल्याउन शिक्षकलाई थप जवाफदेही वनाउन कठिन हुन गएको देखिन्छ ।

## ४.१.४. पाठ्यपुस्तक वितरण ब्यवस्थापन

नमूना छनौटमा परेका तिन वटै विद्यालयहरुको ब्यवस्थापकीय संरचना निम्न लिखित तालिकामा रहेअनुसार पाइयो ।

तालिका ३ : ब्यवस्थापकीय संरचनाको अवस्था

विद्यालय ब्यवस्थापन समिति

प्र.अ.

कर्मचारी प्रशासन                                        सहायक प्र.अ.

लेखाशाखा        प्रशासन शाखा                        शिक्षक स्टाफ

विद्यालय सहयोगी

(स्रोत :स्थलगत अध्ययन, २०७२)

उपरोक्त वमोमिको ब्यवस्थापकीय संरचना विद्यालयमा रहे पनि निर्णय प्रक्रियामा प्र.अ.ले अन्य पक्षलाई समावेश नगराएको तथ्य श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरका सहायक प्र.अ. श्री रोहित सिंहको भनाइ वाट प्रष्ट हुन्छ। सिंहको भनाइ यस्तो थियो :

*मलाई लिखित रुपमा सहायक प्र.अ.भइ कार्यसञ्चालन गर्नु भनी कुनै लिखित अधिकार दिएको छैन, मौखिक रुपमा मेरो अनुपश्थितिमा विद्यालयको कामकाज सञ्चालन गर्नु भनेर प्र.अ.ले भनेपछि मैले सामान्य विद्यालय सञ्चालनमा घण्टी मिलाउने र आवाश्यकतानुसार विद्यालयले लेख्नुपर्ने चिट्ठी निवेदन र विद्यार्थीलाई दिने प्रमाणपत्र, परिचयपत्र आदिमा दस्तखत मात्र गरिदिन्छु। अन्य निर्णय प्रक्रियामा*

*मलाई सहभागी गराएको पनि छैन र निर्णय के हुन्छ थाहापनि छैन। पाठ्यपुस्तक कहिले आउँछ ? कसरी वितरण गर्ने ? यो वारेमा मलाई थाहा छैन।*

त्यस्तै श्री जनता मा.वि.लालपट्टीका शिक्षक श्री वृजलालपालको भनाइ यस्तो रहेको पाइयो:

*प्र.अ.ले ब्यवस्थापन समितिमा के - के विषयमा प्रस्ताव लाने भनेर विद्यालयका शिक्षक एवं कर्मचारी स्टाफ संग सोध्ने गर्नु भएको छैन। त्यस्तै ब्यवस्थापन समितिमा भएको निर्णयको जानकारी पनि गराउने गर्नुभएको छैन। पाठ्यपुस्तक*

*वितरण के ? कसरी गर्ने ? र कहिले गर्ने ? भन्ने विषयमा हामी संग कुनैपनि समन्वय गर्ने चलन पनि छैन ।*

उपरोक्त भनाइवाट नमूना विद्यालयमा प्र.अ.ले प्रजातान्त्रिक नेतृत्वको भूमिका नखेलेको प्रष्ट हुन्छ भने सहभागिता मूलक व्यवस्थापकीय सिद्दान्तको प्रयोग नभएको पाइयो ।

## ४.२. पाठ्यपुस्तक वितरणले पठन पाठनमा पारेको प्रभाव

नमूना छनौटमा परेका ३ वटै विद्यालयमा पाठ्यपुस्तक वितरणले पठन पाठनमा पारेको प्रभावलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ४ : पठनपाठनको समयतालिका

| विद्यालयको नाम | नतिजा प्रकाशन २०७१ | वार्षिक कार्यपात्रो अनुसार पढाइ सञ्चालन शुरु हुने दिन | पढाइशुरुवात भएको दिन | वार्षिक कार्यतालिका प्रथम त्रैमासिक परीक्षा सञ्चालन हुने समय | प्रथम त्रैमासिक परीक्षा सञ्चालन भएको |
|---|---|---|---|---|---|
| १. श्री जनता मा.वि. लालपट्टी | २०७१ चैत्र ३० | २०७२ वैशाख २ | २०७२ जेष्ठ ७ | आषाढ तेस्रो हप्ता | सञ्चालन नभएको |
| २. श्री भ.स.रा.ज.उ.मा.वि | २०७२ वैशाख ६ | २०७२ वैशाख ७ | २०७२ ज्येष्ठ २ | आषाढ पहिलो हप्ता | आषाढ तेस्रो हप्ता |
| ३. श्री रा.प्रा.वि.कल्याणपुर वजार | २०७१ चैत्र २५ | २०७२ वैशाख ७ | २०७२ ज्येष्ठ १ | आषाढ पहिलो हप्ता | परीक्षा सञ्चालन नभएको |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

उपरोक्त तालिकावाट पाठ्यपुस्तक वितरण समयमा नहुदा विद्यालयको वार्षिक कार्ययोजना अनुसार शिक्षण कार्य हुन नसकेको पाइयो भने आषाढको तेस्रो हप्तामा कति एकाइ पढाइ समाप्त भयो भनी प्रश्न गर्दा श्री भ.स.रा.ज.उ.मा.वि.का शिक्षक श्री विन्देश्वर मण्डलले यस्तो वताउनु भयो “हालसम्म कक्षा-८ को नेपाली एक एकाइ, कक्षा-७ को नेपाली एक एकाई र कक्षा ६ को नेपाली २ एकाइ मात्र पुरा भएको छ” । त्यस्तै अर्का मा.वि. तहका सामाजिक अध्ययन विषयका शिक्षक श्री रामसेवक यादवले “आषाढको दोस्रो हप्ता सम्ममा कक्षा-९ को २ एकाइ र कक्षा-१० को १ एकाइ र आधामात्र अध्ययन गर्न सकेको”जवाफ दिनुभएको थियो । उपरोक्त तथ्यवाट समयमा पाठ्यपुस्तक वितरण नगर्दा विद्यार्थीको पढाइ लेखाइ समयभार एवं समयसिमा अनुसार हुन नसकेको पाइयो ।

### ४.२.१विद्यार्थीको नियमित उपश्थिति

पाठ्यपुस्तक वितरणले विद्यार्थीको नियमित उपशि्थतिमा परेको असरलाई निम्न तालिकामा प्रष्ट पारिएको छ ।

तालिका५ :विद्यार्थीको मासिक औषत उपशि्थति अवस्था

| विद्यालयको नाम | महिना | कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्री भ. स. रा. ज. उ. मा. वि. कल्याणपुर | २०७२ साल | जम्मा विद्यार्थी सं. | - | २७ | २४ | २१ | २० | ६२ | ८३ | ६८ | १३९ | १२१ |
| | वैशाख | उपशि्थत सं. | - | ११ | ९ | ७ | ५ | २१ | ३२ | २५ | ५० | ६२ |
| | ज्येष्ठ | उपशि्थत सं. | - | १३ | ११ | ८ | ७ | २५ | ३९ | २९ | ६१ | ७० |
| श्री जनता मा. वि. लालपट्टी | महिना | कक्षा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | २०७२ साल | जम्मा विद्यार्थी सं. | २५ | २७ | ३१ | ३२ | ४० | ७० | ७४ | ८५ | १०० | ९५ |
| | वैशाख | उपशि्थत सं. | ८ | ७ | १५ | १६ | १२ | २१ | २७ | ३५ | ८५ | ६७ |
| | ज्येष्ठ | उपशि्थत सं. | ११ | १० | २१ | २४ | १८ | २५ | ३५ | ४० | ६० | ७५ |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

उपरोक्त तालिकाको आधारमा विश्लेषण गर्दा नमूना छनौटमा परेका तीन वटा मध्ये दुइ वटा माध्यमिक विद्यालयमा पाठ्यपुस्तक अभावले वैशाख र ज्येष्ठ महिनामा विद्यार्थी उपस्थिति अत्यन्त न्यून भएको पाइयो । कूल विद्यार्थीहरु मध्ये एक तिहाइ विद्यार्थी मात्र विद्यालयमा गएर हाजिर हुने गरेको पाइयो । श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरका कक्षा १०

का ४ क्रमाङ्क भएका विद्यार्थी नितेशकुमार साहलाई तपाइ किन वैशाख र ज्येष्ठ महिनामा विद्यालयमा नियमित जानु भएन भनी प्रश्न गर्दा जवाफ यस्तो पाइयो :

> *रिजल्ट निश्केको भोलिपल्ट अर्थात वैशाख ७ गते देखि लगातार ३ दिन सम्म विद्यालयमा गएर हामी सवै विद्यार्थीहरुले किताव माग्दा विद्यालयले आएको छैन, भनेर फर्काइदियो । घरमा पनि किताव थिएन । विद्यालयमा पनि पाठ्यपुस्तककै आभावमा पढाइलेखाइ नभएर विद्यालय गइन । वल्ल तल्ल ज्येष्ठ २२ गते किताव पाएपछि मात्र नियमित विद्यालय जान थालेको हुँ ।*

उपरोक्त कथनवाट समयमा पाठ्यपुस्तक नपाएको कारणवाट पनि विद्यार्थीको विद्यालयको नियमित उपश्थितिमा नकारात्मक असर परेको पाइयो ।

## ४.२.२. आन्तरिक परीक्षाको नतिजा

नमूना छनौटका परेका तीनवटै विद्यालयमा पाठ्यपुस्तक वितरण समयमा नहुदा विद्यार्थीको आन्तरिक नतिजामा समेत प्रभाव पारेको पाइयो । उक्त आन्तरिक नतिजामा पारेको प्रभावलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६ : आन्तरिक नतिजाको अवस्था

| विद्यालयको नाम | कक्षागत सिकाइ उपलब्धी २०७१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ | कक्षा ६ | कक्षा ७ | कक्षा ८ | कक्षा ९ | कक्षा १० |
| १. श्री भ. स. रा. ज. उ. मा. वि. कल्याणपुर | २९ | २३ | ३१ | २७ | २८ | ३३ | ३० | ४३ | २६ | २५ |
| २. श्री जनता मा.वि. लालपट्टी | ३१ | २५ | ३४ | ३३ | ३८ | ३६ | ३५ | ४८ | २९ | २८ |
| ३. श्री रा.प्रा.वि.कल्याणपुर | २० | २४ | २२ | २८ | ३० | - | - | - | - | - |

| वजार | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|

(स्रोत : स्थलगत अध्ययन, २०७२)

उपरोक्त तालिका वाट विद्यार्थीहरुको कक्षागत औसत सिकाइउपलब्धी स्तर स्रोतकेन्द्रको मापदण्ड ४० भन्दा पनि कम रहेको पाइयो । यसै विषयलाई आधार मानेर यस्तो नतिजा आउनु को पछाडिको कारण के हो ? भनी प्रश्न गर्दा श्री भ.स.रा.ज.उ.मा.वि.का शिक्षक विन्देश्वर मण्डलले यस्तो वताउनु भयो :

*विद्यार्थीको सिकाइ उपलब्धी कम हुने धेरै कारणहरु छन् ।यसमा शिक्षकको लापरवाही, विद्यार्थी नियमित उपश्थित नहुने तथा मेहनत गर्ने वानी नहुनु र विद्यालयले समयमा पाठ्यपुस्तक उपलब्ध नगराउनु हो । वैशाख र ज्येष्ठ महिनामा पाठ्यपुस्तकनै नपाएपछि शिक्षकले पढाउने समय त्यति कै वितेर जान्छ र विद्यार्थीपनि पढदैनन् । पाठ्यपुस्तक आएपछि हतार हतारमा पढाएर परीक्षा लिदा नतिजा राम्रो आउन सक्तैन ।*

नमूना छनौटमा परेका तिनवटै विद्यालयको आन्तरिक नतिजा विग्रने विभिन्न कारणहरु मध्ये समयमा पाठ्यपुस्तक नपाउनुपनि महत्वपूर्ण कारण रहेको पाइयो ।

## ४.२.३. शैक्षणिक योजना

नमूना छनौटमा परेको तिनवटै विद्यालयहरुको वार्षिक कार्ययोजना र वार्षिक कार्यतालिका प्रभावित गरेको पाइयो । वार्षिक पाठयोजना अनुसार पढाइ लेखाइ नरहेको अवस्था रहेको सन्दर्भमा जिज्ञासा राख्दा श्री रा.प्रा.वि.कल्याणपुर ३ का प्र.अ. श्री लक्ष्मी कुमार विश्वकर्माले यस्तो कुरा वताउनुभयो :

*जिल्ला शिक्षा कार्यालयको निर्देशन र स्रोतकेन्द्र वनरझुला को २०७० चैत्र ६ गतेको निर्णयअनुसार २०७१ वैशाख १५ गते भित्रमा वार्षिक कार्यपात्रो र कार्य योजना वनाउने भन्ने निर्णयअनुसार वनाएर पनि पाठ्यपुस्तक वितरण २०७१ सालमा*

*आषाढको पहिलो हप्ता सम्म लागेकोले शैक्षणिक योजना पुरै प्रभावित भयो । योजनामा उल्लेख भए अनुसार कुनैपनि अतिरीक्त कियाकलाप गर्न सकिएन भने समयमा जुन एकाइ र पाठ पढाउने भने पनि सो समयमा गर्न सकिएन । मूल्याङ्कन प्रकिया पनि औपचारिकतामा सिमित रहयो ।*

त्यस्तै शैक्षणिक योजना निर्माण गरेर पनि लागूगर्न नसकिएकोमा दुःख ब्यक्त गर्दै श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरका शिक्षक श्री वंकर साह ले यसरी वताउनु भयो :

*विद्यालयले वर्षेनी शैक्षणिक योजना वनाएपनि त्यो कागजमा मात्र सिमित रहयो । विद्यालयले आषाढ पहिलो हप्ता सम्म त पाठ्यपुस्तक वितरण गर्न सक्तैनन भने त्यसपछि सार्वजनिक विदा वढी भएकोले पढाइ लेखाइको औपचारिकताको लागि मात्र कोर्स समाप्त पार्न एकै दिनमा १,२ वटा पाठहरु पढाउनु पर्ने वाध्यता छ ।*

उपरोक्त कथनवाट विद्यालयको शैक्षणिक योजनामा प्रभाव पार्ने तत्वहरु मध्ये पाठ्यपुस्तक वितरण पनि एक हो भन्ने कुरा पुष्टि भएको पाइयो ।

## ४.२.४. शैक्षणिक कियाकलाप

नमूना छनौटमा परेका तिन वटै विद्यालयमा शैक्षणिक कियाकलाप सम्वन्धि निम्न लिखित कार्ययोजना रहेको पाइयो ।

तालिका७ : शैक्षणिक कियाकलापको नमूना

कक्षा विषय शिक्षकको नाम

| क.सं. | सिकाइ उपलब्धि | एकाइ | मूख्य विधि / प्रकिया | परियोजना कार्य | सिर्जनात्मक कार्य | ब्यवहार परिवर्तन | अनुमानित घण्टी |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

नमूना छनौटमा परेका तिन वटै विद्यालयका सम्पूर्ण शिक्षकहरुले टी.पि.डी. तालिममा दिएको निर्देशन अनुसार उपरोक्त वमोजिमको शैक्षणिक कियाकलाप सम्वन्धि

योजना निर्माण गरेको पाइयो । तर व्यवहारमा कुनैपनि शिक्षकले लागू नगरेको सन्दर्भमा प्रश्न गर्दा श्री जनता मा.वि लालपट्टीका शिक्षक नुर हुसेनले यसरी वताउनुभयो :

*तालिममा दिएको फर्मेट अनुसारको कियाकलाप गराउने प्रयाप्त समय हामीसंग छैन । विद्यालयमा पाठ्यपुस्तक वितरण कार्य आषाढको पहिलो हप्तासम्म चल्छ । मूल पढाइ हुने दिनमा पढाइ नभएपछि छोटो अवधिमा टी.पि.डी. कियाकलाप अनुसार कियाकलाप गर्न सकिदैन । तालिम लिएपनि परंपरागत शिक्षण विधि नै प्रयोग गर्न वाध्य हुनुपर्दछ ।*

उपरोक्त कथनसंग मिल्दो कथन  श्री भ.स.रा.ज.उ.मा.वि.का शिक्षक श्री रामसेवक यादवको पनि रहेको पाइयो । यसरी पाठ्यपुस्तक वितरण समयमा नहुनाले प्रभावकारी शैक्षणिक कियाकलाप हुन नसकेकोले विद्यार्थीको सिकइस्तर पनि कमजोर रहेको र औसत भन्दा बढी विद्यार्थीहरुले शिक्षण सिकाइ कियाकलापमा चासो नराखेको पाइयो ।

## ४.२.५. सह कियाकलाप र अतिरीक्त कियाकलाप

नमूना छनौटमा परेका तिन वटै विद्यालयको वार्षिक कार्य पात्रोमा अतिरीक्त कियाकलाप सम्वन्धी कार्यकम उल्लेख भएको पाइयो । त्यस्तै वार्षिक शैक्षणिक योजनामा पनि सहकियापलापको उल्लेख भएको पाइयो । तर दुवै कियाकलाप सञ्चालन भएको रेकर्ड पाइएन

र यो सम्वन्धमा प्रश्न गर्दा श्री भ.स.रा.ज.उ.मा.वि. कल्याणपुरका शिक्षक एवं खेलकुद संयोजक श्री गोपालप्रसाद चौधरीले यस्तो वताउनु भयो :

> *विद्यालयले अतिरीक्त कियाकलाप सम्वन्धी कार्यकम गर्ने समय र कियाकलापको लागि वार्षिक कार्य पात्रोमा नै तोकेको त छ तर सो कियाकलाप सञ्चालन गर्ने आर्थिक स्रोत र प्रयाप्त समय उपलब्ध नगराएकोले योजना कार्यान्वियनमा नआएको हो । अतिरीक्त कियाकलापको नाममा प्रत्येक वर्ष राष्ट्रपति रनिङ्ग शिल्डको क्षेत्रिय प्रतियोगितामा भाग लिनु वाहेक अन्य कियाकलाप हामीले गर्न सकेका छैनौ ।*

त्यस्तै भनाई श्री जनता मा.वि.लालपट्टीका शिक्षक पुलकित चौधरीको पनि रहेको पाइयो । श्री रा.प्रा.वि.कल्याणपुर ३ वजारका प्र.अ. श्री लक्ष्मी विश्वकर्माले “प्रा.वि.स्तरीय प्रतियोगितामा भाग पनि नलिएको र आफ्नो विद्यालयमा पठनपाठनको लागि समय अभाव भएकोले अतिरीक्त

कियाकलाप सञ्चालन गर्न नसकेको” भनी वताउनु भएकोले पाठ्यपुस्तक वितरण कार्य समयमानहुदा विद्यार्थीको रुची अनुसारको अतिरीक्त कियाकलाप सञ्चालन गरेको पाइएन ।

## ४.३. पाठ्यपुस्तक वितरणका चुनौतीहरु

नमूना छनौटमा परेका तिन वटै विद्यालयका पाठ्यपुस्तक वितरण सम्वन्धमा प्रसस्त चुनौतिहरु रहेका छन, जसलाई निम्न लिखित उप शिर्षक अर्न्तगत ब्याख्या एवं विश्लेषण गरिएको छ ।

### ४.३.१. ब्यवस्थापकीय चुनौतिहरु

यस अध्ययनको नमूना छनौटमा परेका तिन वटै विद्यालयहरु सवै प्र.अ.मा १,२ वर्षको मात्र अनुभव रहेको पाइयो । श्री भ.स.रा.ज.उ.मा.वि.का प्र.अ. २०७१ माघ १ गते देखिश्री जनता मा.वि.लालपटीका प्र.अ. २०७० साल श्रावण देखि र श्री रा.प्रा.वि.कल्याणपुर ३ वजारका प्र.अ. २०७१ भाद्र देखि प्र.अ.मा नियुक्ति भई कार्य गर्दै आउनु भएकोले प्र.अ.को कार्यभार सम्वन्धी अनुभव त्यति परिपक्व नभएर सिकाइको कममा नै रहेको पाइयो भने तिन वटै विद्यालयमा ब्यवस्थापन समिति गठन भएको पाइए पनि पदाधिकारी त्यति सकिय

एवं जागरुक नभएको कुरा श्री रा.प्रा.वि.कल्याणपुर -३ का व्यवस्थापन समितिका अध्यक्ष भोला मियाँले वताउनु भयो । वहाँका अनुसार :

> *गाउँका साथी भाइले अध्यक्ष बन भनेकाले वनेको हुँ, मलाई शिक्षा सम्वन्धी र विद्यालय कसरी चलाउनु पर्दछ त्यति धेरै अनुभव पनि छैन, पाठ्यपुस्तक कहिले आउँछ, कति आउँछ ? हामीलाई प्र.अ.ले भनेको पनि छैन र पाठ्यपुस्तक वितरणमा वोलाएको पनि छैन् ।*

त्यस्तै विद्यालयको ब्यवस्थापकीय काम कारवाहीको सन्दर्भमा तपाइको भूमिका कस्तो हुन्छ ?भनी प्रश्न गर्दा श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर सप्तरीको ब्यवस्थापन समितिका महिला सदस्य श्रीमति सुरेखाकुमारी विश्वकर्माले : "हामीलाई वैठकमा वोलाउछन् , वैठकमा जान्छौ, अरु सदस्य छलफल कुराकानी गर्छन, के के लेख्छन? र अन्त्यमा सहि गर भन्दछन् म गरिदिन्छु ।"श्री जनता मा.वि.लालपट्टीका ब्यवस्थापन समितिका अध्यक्ष नजवुल मियाँ ले पनि पाठ्यपुस्तक वितरण कार्य कसरी प्रभावकारी वनाउन सकिन्छ ? भने विषयमा

"आफुलाई खासै जानकारी नभएको" वताउनु भयो । उपरोक्त तथ्यहरुवाट विद्यालयमा ब्यवस्थापकीय चुनौतीहरु प्रसस्त रहेको पाइयो ।

## ४.३.२. आर्थिक पारदर्शिता सम्बन्धी चुनौतीहरु

नमूना छनौटमा परेका तिनवटै विद्यालयको आर्थिक कियाकलाप सम्वन्धमा निम्न लिखित तथ्यहरु पाइयो ।

तालिका ८ : आर्थिक कियाकलापको वर्तमान अवस्था

| विद्यालयको नाम | सामाजिक/ आन्तरिक लेखापरिक्षण | आर्थिक कारोवार (परम्परागत/ आधुनिक) | योजना निर्माणमा सरोकारवालाको सहभागिता भए/नभएको | नगरिक वडापत्रको प्रयोग भए/नभएको | पाठ्यपुस्तकको रकम जानकारी गराए/नगराए को |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| श्री उ.मा.वि कल्याणपुर | भएको (सार्वजनिक नगरेको) | परम्परागत तरिका | सहभागिता नभएको | नभएको | नगरेको |
| श्री मा.वि. लालपट्टी | भएको (सार्वजनिक नगरेको) | परम्परागत तरिका | सहभागिता नभएको | नभएको | नगरेको |
| श्री प्रा. वि. कल्याणपुर | भएको (सार्वजनिक नगरेको) | परम्परागत तरिका | सहभागिता नभएको | नभएको | नगरेको |

(स्रोत : स्थलगत अध्ययन, २०७२)

उपरोक्त तालिका को निर्माण तिन वटै विद्यालयको प्र.अ.संगको अर्न्तवार्ताको आधारमा निर्माण गरिएकोले र प्राप्त आर्थिक विवरणले विद्यालयको सरोकारवाला पक्षहरुलाई आर्थिक कारोवार एवं विद्यालयको पाठ्यपुस्तक सम्वन्धी रकम, विल भर्पाई जानकारी नगराएकोले आर्थिक पारदर्शिता सम्वन्धि चुनौतीहरु रहेको पाइयो ।

## ४.३.३. अनुगमन एवं मूल्याङ्कन सम्वन्धी चुनौतीहरु

अध्ययनको नमूना छनौटमा परेका तिन वटै विद्यालय एउटै स्रोतकेन्द्र भित्र रहेका र स्रोतब्यक्ति एकैजना परेकोले प्रत्येक विद्यालयमा पाठ्यपुस्तक वितरणको अनुगमन एवं मूल्याकन नभएको स्रोत ब्यक्ति श्री रामसेवक यादवले वताउनु भयो । वहाँका अनुसार “मेरो स्रोत केन्द्र भित्रमा जम्मा ४४ वटा विद्यालहरु छन् । त्यसमा पनि जिल्ला शिक्षा कार्यालयले कार्यालयमा राखेर अन्य कार्यहरु गर्न लगाउछ । एक जनाले सवै भ्याउने कुरै भएन ।” त्यस्तै अनुगमन मूल्याङ्कन सम्वन्धि कुनै फारमहरु छन् ? भनी प्रश्न गर्दा स्रोतब्यक्तिले भन्नुभयो :

*फ्ल्यास एक फारमको आधारमा विद्यालयमा पाठ्यपुस्तकको रकम अनुदान उपलब्ध भयो भएन भनि हेर्ने हो र सोही अनुसार स्रोतकेन्द्रको वैठकमा पाठ्यपुस्तक विद्यार्थीले वुझिलिएको भर्पाइ हेर्ने काम हुन्छ । केहि कमजोरी देखापरेमा सम्वन्धित विद्यालयको प्र.अ.लाई नै सच्याउन लगाइन्छ ।*

अनुगमन मूल्याकनकै सवालमा सरोकारवाला पक्षवाट कुनै अनुगमन हुन्छ की ? भनेर प्रश्न गर्दा श्री रा.प्रा.वि.कल्याणपुर- ३ का प्र.अ.ले “सरोकारवाला पक्षले कुनै पनि प्रकारको अनुगमन एवं मूल्याङ्कन गरेर सुझाव दिने गरेको छैन” भनी वताउनु भएकोले प्रभावकारी अनुगमन एवं मूल्याङ्कन भएको पाइएन ।

### ४.३.४. पठनपाठनका चुनौतीहरु

नमूना छनौटमा परेका तिन वटै विद्यालयमा समयमा पाठ्यपुस्तक उपलब्ध नहुनाले पठन पाठनमा समेत चुनौति रहेको कुरा तिन वटै विद्यालयका शिक्षकहरुले विचार प्रस्तुत गरेको पाइयो । यस सर्न्दभमा श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरका शिक्षक श्री वंकर साहसंग जिज्ञासा राख्दा यस्तो भन्नु भयो “विद्यालयले समयमा पाठ्यपुस्तक विद्यार्थीहरुलाई वितरण नगरेकोले विद्यालयमा आषाढको पहिलो हप्तावाट मात्र पढाइ शुरु हुन्छ, विद्यार्थीहरुको पढाइलेखाइमा ठूलो असर परेको छ । समयमा र सरल ढंगवाट कहिले कार्स सकिएको छैन ।” पाठ्यपुस्तक समयमा वितरण नगरेको कारण वाट नै पाठ्यक्रममा

उल्लेख गरिएको सिकाइ उपलब्धि प्राप्त हुन नसकेको भनी श्री जनता मा.वि.लालपट्टीका शिक्षक पुलकित चौधरीले वताउनु भएको थियो ।

त्यस्तै श्री रा.प्रा.वि.वजारका प्र.अ.लक्ष्मी विश्वकर्माले “समयमा पाठ्यपुस्तक उपलब्ध शैक्षणिक योजना अनुसार शिक्षण हुन नसकेको”भनी वताउनु भएको थियो । यसरी पाठ्यपुस्तक वितरण समयमा नहुदा तिन वटै विद्यालयका पठनपाठनमा चुनौति रहेको पाइयो ।

## ४.४ पाठ्यपुस्तक वितरण ब्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरु

सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धी धेरै समस्या एवं चुनौतिहरु विद्यमान छन् । त्यस्ता चुनौतिहरु विगत देखिनै देखापर्दै आइरहेका छन् र भविष्यमा पनि देखापर्दै जानेछन् भने वर्तमान अवस्थाको विश्लेषणले प्रष्ट पारेको छ । यद्यपी पाठ्यपुस्तक वितरण कार्य सरल, सहज एवं प्रभावकारी वनाउनु सम्वन्धीत सवै सरोकारवाला पक्षहरुको महत्वपूर्ण उतरदायित्व एवं कर्तव्य भित्र आउदछ । यस कार्यलाई प्रभावकारी वनाउने उपायहरुको प्रयोग विगत देखिनै हुदैआएको छ, जसलाई निम्न लिखित उप-शीर्षकहरुको मद्धतले विश्लेषण गरिएको छ ।

### ४.४.१. सरकारी पक्षवाट प्रभावकारी कार्यान्वयन

नमूना छनौटमा परेका तिन वटै विद्यालयका पाठ्यपुस्तक वितरण कार्यलाई के के कस्तो कार्यविधि र प्रकिया अपनाइ यस कार्यलाई प्रभावकारी वनाउने सरकारी प्रयास छ भनेर प्रश्न गर्दा स्रोत ब्यक्ति श्री रामसेवक यादवले यस्तो वताउनु भयो :

*पाठ्यपुस्तक वितरण कार्यको लागि निर्देशिका विद्यालयलाई उपलब्ध गराएका छौ । त्यस्तै प्रत्येक वर्ष फल्यास एक रिर्पाट अनुसार मात्रै पाठ्यपुस्तक वमोजिमको रकम विद्यालयलाई निकाशा दिएका छौ । विद्यार्थीहरुलाई पाठ्यपुस्तक वुझेको भर्पाइ प्रत्येक विद्यालय संग लिएका छौ । पाठ्यपुस्तक वितरण कार्यमा आर्थिक पारदर्शिता होस भनेर प्रत्येक वर्ष सामाजिक लेखापरिक्षण र आन्तरिक लेखापरीक्षण गराउने ब्यवस्था मिलाएका छौ । त्यस्तै प्रत्येक शिक्षकलाई पाठ्यकम प्रवोधिकरण र टि.पी.डी. तालिम दिएका छौ र सोही सन्दर्भमा यो शिर्षकमा पनि वढी जिम्मेवार र उत्तरदायी वनाउने कोशिश गरेका छौ । त्यस्तै प्रत्येक विद्यालयका प्र.अ.लाई १०*

*दिने नेतृत्व विकाश तालिम दिलाएका छौ भने प्रत्येक स्रोत केन्द्रमा तीन दिने प्र.अ. ब्यवस्थापन तालिममा प्र.अ. र ब्यवस्थापन समितिको अध्यक्षलाई तालिम दिएर यस विषयमा थप जिम्मेवार वनाउने कोशिश गरेका छौ ।*

स्रोत व्यक्तिको उक्त भनाइवाट सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण कार्य प्रभावकारी वनाउन सरकारी तवरवाट पनि थप लगानी एवं भूमिका खेलेको पाइयो ।

## ४.४.२. विद्यालयको पहलकदमी

नमूना छनौटमा परेका तीनवटै विद्यालयले पाठ्यपुस्तक वितरण कार्यलाई प्रभावकारी वनाउन विद्यालयले पनि पहल गर्नुपर्दछ भन्ने तीनवटै प्र.अ.को मिल्दो जुल्दो कथन पाइयो । पाठ्यपुस्तक वितरण कार्यलाई तपाई कसरी प्रभावकारी वनाउनु हुन्छ ?भनेर प्रश्न गर्दा श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुरका प्र.अ.श्री सूर्यनारायण चौधरीले यसो भन्नुभयो :

> *विद्यालयमा आर्थिक क्षेत्रका केहि अन्य स्रोतहरुपनि छन् । फल्यास एक रिपोर्ट भरे पछि विद्यालयमा कति पाठ्यपुस्तक आवश्यक हुन्छ,? सो अनुसारको पाठ्यपुस्तक विद्यालयले समयमानै खरिद गरेर ल्याएर वितरण गर्ने र सो विल अनुसारकै रकम अनुदान माग फारम भरेर जि.शि.का.वाट विस्तारै निकासा लिने योजना वनाएको छु । कम्तीमा वैशाख महिनाको दोस्रो हप्ता सम्ममा विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गरिसक्ने योजना वनाएको छु ।*

श्री जनता मा.वि.लालपट्टीका प्र.अ.रामचन्द्र मेहताले यस्तो वताउनु भयो :

> *पाठ्यपुस्तक वितरण कार्यलाई प्रभावकारी वनाउन आगामी वर्ष देखि विद्यालयको अन्यस्रोतवाट फ्ल्यास एक अनुसार को विद्यार्थी रेकर्डको आधारमा चाहिने पाठ्यपुस्तक खरिद गरेर समयमा नै पाठ्यपुस्तक वितरण गर्ने र उक्त रकम पछि जि.शि.का.को अनुदानवाट परिपूर्ती गर्ने विचार गरेको छु ।*

उपरोक्त दुवै भनाइवाट आगामी शैक्षिक वर्षहरुमा पाठ्यपुस्तक वितरण कार्यलाई प्रभावकारी वनाउन विद्यालयले पहलकदमी उठाउनु पर्दछ भन्ने सोच विद्यालयको प्र.अ.हरुले वताएको पाइयो ।

### ४.४.३.सरोकारवालाहरुको चासो

यस अध्ययनको नमूना छनौटमा परेका विद्यालयका ब्यवस्था पन समितिका अध्यक्ष सदस्य र शिक्षक ब्यवस्थापन समितिका अध्यक्षहरु पाठ्यपुस्तक वितरण समयमा नभएको कारणवाट विद्यार्थीको पढाइ लेखाइमा परेको असर र विद्यार्थीका गुनासा सुनेर यस कार्यलाई प्रभावकारी वनाउने सोचमा पुगेको पाइयो । श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर सप्तरीका शिक्षक अभिभावक संघका अध्यक्ष उचित लाल चौधरीले यस सम्वन्धमा यसरी वताउनु भयो :

> *प्रत्येक वर्ष विद्यार्थीको नतिजा विग्रनुमा एउटा कारण समयमा पाठ्यपुस्तक वितरण नभएर पढाइ लेखाइमा सुस्तता आएकोले भन्ने कुरा प्रष्ट भएकोले अव आगामी वर्ष देखि समयमानै पाठ्यपुस्तक वितरणको ब्यवस्था मिलाउन आवाश्यक स्रोतको ब्यवस्था मिलाउन पहल गर्दछौ ।*

त्यस्तै श्री रा.प्रा.वि.कल्याणपुर-३ का ब्यवस्थापन समितिका अध्यक्ष भोला मियाँले पनि "विद्यार्थीलाई आगामी वर्ष देखि आवाश्यक रकमको ब्यवस्था गरेर समयमानै पाठ्यपुस्तक वितरण गर्दछौ ।" भनी वताउनु भयो भने श्री जनता मा.वि.लालपट्टीका ब्यवस्थापन समितिका सदस्य नजवूल मियाँले पनि "अर्को वर्ष देखि समयमानै पाठ्यपुस्तक वितरणको ब्यवस्था मिलाउन प्र.अ.लाई भनेका छौ, अव के हुन्छ ? हेरु?"भनी वताउनु भएकोले पाठ्यपुस्तक वितरण प्रति सरोकारवाला पक्षहरुको चासो वढेको पाइयो ।

### ४.४.४. प्रभावकारी अनुगमन र निरीक्षण

सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरण कार्यमा सुधार ल्याउन प्रभावकारी अनुगमन र निरीक्षणको खाँचो रहेको सप्तरी जिल्लाका जि.शि.अ.श्री लक्ष्मीप्रसाद भट्टराईले शैक्षिक तालिम केन्द्रमा शिक्षकहरुलाई प्रशिक्षण दिने क्रममा यस्तो वताउनु भयो । "सप्तरी जिल्लाको सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धमा धेरै गुनासाहरु आएकोले आगामी वर्ष देखि कार्य तालिका वनाएर नै अनुगमन तथा निरीक्षण गर्दछौ ।" त्यस्तै स्रोत ब्यक्ति रामसेवक यादवले पनि मिति २०७२।३।२६- ३० सम्म भएको वनरझूला स्रोतकेन्द्र स्तरीय तालिम कार्यक्रमको सन्दर्भमा "जिल्ला शिक्षा कार्यलयवाट हामीलाई पाठ्यपुस्तक

वितरण सम्वन्धमा अनुगमन र निरीक्षण गर्ने निर्देशन आएकोले आगामी शैक्षिक सत्रदेखि विद्यालयमानै आएर अनुगमन एवम् मूल्याङ्कन गर्दछौ । " भनी वताए अनुसार आगामी वर्षदेखि पाठ्यपुस्तक वितरण व्यवस्थापन कार्यको अनुगमन र निरीक्षण प्रभावकारी वनाउने प्रतिवद्धता सम्वन्धित निकाय र ब्यक्तिवाट गरेको पाइयो ।

## ४.४.५. शिक्षा मन्त्रालयको सार्वजनिक अपिल

नेपाल सरकार शिक्षा मन्त्रालयले विभिन्न सञ्चार माध्यम एवं शिक्षा सँग सम्वन्धित पत्रपत्रिका मार्फत पाठ्यपुस्तक वितरण व्यवस्थापनलाई सफल वनाउन निर्देशनात्मक सार्वजनिक अपिल जारी गरेको छ । वि.सं. २०७२ -०६-१४ को मन्त्रीपरिषदको निर्णय अनुसार शिक्षा विभागको महानिर्देशकको संयोजकत्वमा पाठ्यपुस्तक वितरण क्षेत्रिय अनुगमन समिति र जिल्ला स्तरमा जि.सि.अ. को नेतृत्वमा पाठ्यपुस्तक वितरण व्यवस्थापन जिल्ला अनुगमन समितिलाई थप कियासिल तुल्याएको छ । त्यस्तै विद्यालय तहमा पाठ्यपुस्तक वितरण गर्न शिक्षक अभिभावक सङघको अध्यक्षतामा गा.वि.स. प्रतिनिधि नागरिक समाज र आमा समूह रहने गरी विद्यालय स्तरीय अनुगमन समिति गठन गरिएको छ । विद्यालयको प्र.अ. ले पाठ्यपुस्तक वापतको रकम अन्य कार्यमा खर्च गरेमा त्यस्ता प्र.अ. लाई कानुन अनुसार कडा कारवाय गर्ने निर्देशन गरिएको छ । प्रत्येक क्षेत्रका सांसदहरुलाई पाठ्यपुस्तक वितरण सम्वन्धमा प्रभावकारी अनुगमन गर्न अनुरोध गरिएको छ ।

यसरी पाठ्यपुस्तक वितरन सम्वन्धमा एउटा सर्वसाधारण अभिभावक देखि सांसद सम्मलाई परिचालित गरिएकोले आगामी दिनमा पाठ्यपुस्तक वितरण सुधार आउने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन विषय अन्तर्गत तयार पारिएको यस शोधमा सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरणको वर्तमान अवस्थाको विश्लेषण गर्नु, पाठ्यपुस्तक व्यवस्थापनले पठनपाठनमा पारेको प्रभावको विश्लेषण गर्नु, पाठ्यपुस्तक वितरणको चुनौति केलाउनु र सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरु खोजी गर्नु भन्ने उद्देश्यहरु राखि शोध कार्य गरिएको छ । यस शोधले जनसंख्याको उद्देश्यमूलक नमूना छनौट विधिको माध्यमवाट नमूना छनोटमा परेका सप्तरी जिल्लाको वनरझूला स्रोतकेन्द्र अन्तर्गतको श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर, श्री जनता मा.वि.लालपट्टी र श्री रा.प्रा.वि. कल्याणपुर वजारलाई आधारमानी परिणात्मक एवं गुणात्मक दुवै विधि द्वारा तथ्याको ब्याख्या एवं विश्लेषण गरिएको छ ।

नमूना छनौटमा परेका तिन वटै सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन सम्वन्धी मिल्दा जुल्दा अवस्था देखिएको छ । तिन वटै सामुदायिक विद्यालयमा सरोकारवाला पक्षहरुको भूमिका पाठ्यपुस्तक वितरण व्यवस्थापनमा प्रभावकारी वन्न नसकेको पाइयो भने विगत देखिनै पाठ्यपुस्तक वितरण सम्वन्धमा कानुनी एवं व्यवहारिक कमीकमजोरीहरु रहदै आएकोमा वर्तमाण व्यवस्थापनमा अनुगमन एवं मूल्याङ्कन अत्यन्त न्यून हुने गरेको पाइयो । त्यस्तै नमूना छनौटमा परेका तिन वटै विद्यालयको पाठ्यपुस्तक वितरण सम्वन्धी आन्तरिक ब्यवस्थापकीय सीप र संयन्त्र पनि कमजोर रहेको पाइयो ।

सामुदायिक विद्यालयको अप्रभावकारी पाठ्यपुस्तक वितरण ब्यवस्थापनले पठनपाठनमा पनि नकारात्मक असर पारेको पाइयो । समयमा पढाइ शुरु नहुने र समयमा कोर्स समाप्त नहुने अवस्थाले विद्यार्थीको नतिजामा नराम्रो असर पारेको पाइयो ।

पाठ्यपुस्तक वितरण समयमा पनि नहुने र सहज पनि नहुनाले विद्यार्थीको नियमित उपश्थिति नहुने, विद्यालयको आन्तरिक मूल्याङ्कनको नतिजाको स्तर खस्केको, शिक्षकको वार्षिक शैक्षणिक योजनामा पनि असर पु याएको पाइयो । त्यतिमात्र हैन पाठ्यपुस्तक वितरण समयमा

नहुनाले विद्यालयमा विद्यार्थीहरुको सर्वाङ्गिण विकाशका लागि हुने अतिरीक्त कियाकलाप र सहकियाकलाप समेत सञ्चालन गर्न नसकिएको अवस्था पाइयो ।

यस शोध कार्यको नमूना छनौटमा परेका सामुदायिक विद्यालयहरुको पाठ्यपुस्तक वितरण सम्वन्धमा धेरै प्रकारका चुनौतीहरु देखापरेको पाइयो । विद्यालयको ब्यवस्थापकीय समस्यानै मूख्य चुनौतीको रुपमा देखापरेको पाइयो भने आर्थिक हिनामिना हुने एवं पारदर्शिता नहुने, स्रोत साधनको वरवादी हुने फर्जि विल वनाएर नक्कली हिसाव किताव देखाउने, त्यस्ता कार्यहरुको अनुगमन र मूल्याङ्कन पनि नहुनाले यस्तो गलत प्रवृत्ती भविष्यमा झन वढेर जाने संकेत देखिनु ठूलो चुनौतीको रुपमा रहेको पाइयो । यस्ता कियाकलापहरुले विद्यालयको पठनपाठन प्रभावकारी एवं उपलब्धीमूलक वन्न वाधा पुग्ने देखिएको छ ।

यद्यपी सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरण ब्यवस्थापनलाई प्रभावकारी वनाउने उपायहरुको खोजी हुनु आवाश्यक छानेर सरकारी तवरवाट नै विभिन्न ऐन नियम कानुनको एवं निर्देशन निर्माण गरी तल्लो निकायलाई माथिल्लो निकायले दिने गरेको पाइयो । शिक्षा ऐन र नियमावली पाठ्यपुस्तक वितरण सम्वन्धी शिक्षा मन्त्रालय विभागको निर्देशन, क्षे.शि.नि., जि.शि.का.एवं स्रोत केन्द्रको निर्देशनलाई सरकारी प्रयासको रुपमा लिइएको छ भने विद्यालय स्वयं आफैले पनि पाठ्यपुस्तक वितरणमा देखापरेका समस्याको समाधानको उपायहरुको खोजी गरेको पाइयो भने सरोकारवाला पक्षहरुको चासो र सम्वन्धित ब्यक्ति वा संख्याहरुको प्रभावकारी अनुगमन एवं मूल्याङ्कन लाई पनि पाठ्यपुस्तक वितरण ब्यवस्थापनमा देखापरेका समस्याहरु समाधानका उपायहरुको रुपमा लिइएको छ ।

## ५.२ निश्कर्ष

यस अध्ययनको नमूना छनौटमा परेका विद्यालयहरुको पाठ्यपुस्तक वितरण व्यवस्थापनको लेखाजोखा गर्ने क्रममा अध्ययनको उद्देश्य अनुसार प्र.अ. शिक्षक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी र स्रोतकेन्द्रका स्रोत व्यक्तिहरुलाई प्रश्नावली भर्नुको साथै स्थलगत अवलोकन र समूह छलफल समेत गरिएको थियो । यसरी विविध स्रोतवाट संकलित सूचना र तथ्याङ्कको आधारमा निम्न निश्कर्ष निकाल्न सकिन्छ ।

नेपालका सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरण व्यवस्थापन अनेकौ समस्याहरुवाट ग्रसित रहेको । पाठ्यपुस्तक वितरण व्यवस्थापन आर्थिक, प्रशासनिक, मानवीय संसाधन व्यवस्थापन सुपरीवेक्षण निरीक्षण एवं अनुगमन कार्यान्वयन पक्षमा नीतिगत पक्षमा पाठ्यपुस्तकको प्रयोग सम्वन्धी समय व्यवस्थापन सम्वन्धी थुप्रै समस्याहरु रहेका छन् । जसले विद्यार्थीको पढाइ लेखाइ, विद्यालयको शैक्षिक क्रियाकलाप र नतिजामा समेत असर परेको देखिएको छ ।

राज्यले नागरिकहरुलाई प्रदान गर्ने महत्वपूर्ण सेवा मध्ये निःशुल्क शिक्षा हो र नेपालको अन्तरिम संवीधान २०६३ ले प्रत्याभूत गरेको माध्यमिक तह निःशुल्क हुने भन्ने कानुनी ग्यारेण्टीलाई कार्यान्वयनमा ल्याउन र देशका सवै वर्ग र समुदायका विद्यार्थीहरुको शिक्षामा पहुँच वढाउन निःशुल्क एवं गुणस्तरीय शिक्षा सर्वसुलभ तरिकाले प्रदान गर्ने सन्दर्भमा विद्यालयले विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई समयमानै पाठ्यपुस्तक वितरण गर्नु पहिलो दायित्व भित्र पर्दछ । पाठयपुस्तक नै विद्यार्थीहरुको विद्यालय जाने र शिक्षा आर्जन गर्ने एउटा महत्वपूर्ण साधन हो, जुन कक्षाकोठा देखि घर सम्म मा अध्ययन गरिन्छ र त्यही पाठ्यपुस्तक अध्ययन र अध्यापनवाट संवन्धित तह कक्षा र विषयको पाठ्यक्रममा उल्लेखित सिकाइ उपलब्धी प्राप्त गर्ने सर्वसुलभ माध्यम भएको भएतापनि यो पाठ्यपुस्तक प्रभावकारी ढंगले वितरण गर्ने र प्राप्त गर्ने कानुनी आधार भएपनि यसलाई सामुदायिक विद्यालयले व्यवस्थित गरी वितरण गर्ने गरेको पाइएन । सामुदाकि विद्यालयको पाठ्यपुस्तक वितरण व्यवस्थापन अति महत्वपूर्ण कार्य भए पनि यसलाई प्रभावकारी वनाउन शिक्षामन्त्रालय, जि.शि.का., स्रोतकेन्द्र, विद्यालयका प्र.अ., शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष, विद्यार्थी एवं अभिभावकहरुका् सक्रियता नभएको पाइएकोले यस पाठ्यपुस्तक वितरण व्यवस्थापन कार्यलाई व्यवस्थित, प्रभावकारी एवम् फलदायी वनाउन यस सम्बन्धी नीतिगत

सुधार गरी सरोकारवाला सम्पूर्ण पक्षलाई सक्रियता साथ सहभागी हुने वातावरण तयार हुनुपर्ने खाँचो भएको निश्कर्ष निकाल्न सकिन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनवाट प्राप्त निश्कर्षको आधारमा सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापनका चुनौतीहरुको विश्लेषण गरिसकेपछि उक्त चुनौतीहरुको सामना गरी पाठ्यपुस्तक वितरण व्यवस्थापनलाई प्रभावकारी बनाउन सरोकारवाला व्यक्तिहरु र संवद्ध निकायको कार्यमा प्रभावकारीता आउनु जरुरी हुन्छ । सामुदायिक विद्यालयमा जहाँ निम्न र निम्न मध्यम वर्गीय दलित गरीव, अशिक्षित र उपेक्षित समुदायका वालवालिकाहरु अध्ययन गर्न आउँछन्, त्यस्तो वर्ग र

समुदायलाई शिक्षा र विद्यालय प्रति आकर्षित एवं उत्प्रेरित वनाउन सके देशमा शिक्षाको अवसर सवै लक्षित समुदायमा पुग्ने र गुणस्तरीय शिक्षा प्रदान गरी सभ्य समाज निर्माणको आधार तयार हुन जाने निश्चित छ । त्यसैको एउटा महत्वपूर्ण माध्यम विद्यालयको पाठ्यपुस्तक वितरण व्यवस्थापनको प्रभावकारी कार्यान्वयन हो । अत : यस कार्यलाई सामुदायिक विद्यालयमा प्रभावकारी व्यवस्थापन गर्न त्यसमा देखिएका चुनौतीहरुको सहि सामाधान निकालेर मात्रै सम्भव हुन्छ । अतः यस अध्ययनवाट प्राप्त भएका निश्कर्षको आधारमा सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरणमा देखिएका चुनौतीहरुको समाधान गर्न निम्न लिखित सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन समबन्धी शिर्षक अर्न्तगत शिक्षा ऐन संशोधन गराई नियमावलीमा कार्य प्रक्रिया पनि स्पष्ट रुपमा किटान गर्नु पर्ने देखिन्छ । पाठ्यपुस्तक वितरण निर्देशिका पनि पुरानो भएकोले यसलाई संसोधन गरी समायानुकूल वनाइ लागु गर्नु पर्ने देखिन्छ । शिक्षा मन्त्रालयले प्रत्येक विद्यालयमा एउटा पुस्तकालय व्यवस्थापन गरी त्यसको लागि भौतिक सुविधा सम्पन्न भवनको व्यवस्था मिलाउनु पर्ने  र एक जना पुस्तकालयमा कार्य गर्नु व्यक्तिको लागि छुटै दरवन्दीको व्यवस्था समेत मिलाउनु पर्ने देखिन्छ । शिक्षा मन्त्रालयले प्रत्येक शैक्षिक वर्षको शुरु महिना अर्थात वैशाख महिना भित्र प्रत्येक विद्यालयलाई पाठ्यपुस्तक वितरण गर्न आवाश्यक अनुदान समयमा नै

पठाउनु पर्ने र उक्त समयाअवधि भित्र प्रत्येक विद्यालयले पाठ्यपुस्तक प्रभावकारी ढंगले वितरण गर्नु पर्ने वाध्यताकारी नियम वनाइ कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ । शिक्षा विभागले जि.शि.का. मार्फत पाठ्यपुस्तक वितरण ब्यवस्थापनको प्रभावकारी कार्यान्वयनको लागि मौजुदा निर्देशिकामा परिवर्तन गरेर लागू गर्नु पर्ने र साको प्रभावकारी कार्यान्वयन भए नभएको प्रभावकारी सुपरीवेक्षण, अनुगमन एवं नियन्त्रणको ब्यवस्था मिलाइनुपर्ने देखिन्छ । पाठ्यपुस्तक वितरण सम्वन्धमा कुनै गुनासा उजुरी वा समस्या भए पैसा नलाग्ने टेलिफोन नम्बर (टोलफ्री) वाट शिक्षामन्त्रालय एवं विभाग र जि.शि.का. सम्पर्क राख्न पाउने ब्यवस्था मिलाउनुपर्ने देखिन्छ । जि.शि.का.ले पनि प्रत्येक स्रोत केन्द्र भित्र कम्तीमा पाठ्यपुस्तक वितरण कार्यमा एकरुपता ल्याउन स्रोत केन्द्र स्तरीय पाठ्यपुस्तक वितरण ब्यवसथापन कार्यक्रम कार्यान्वयन गर्ने आवाश्यक ब्यवस्था मिलाइनुपर्ने देखिन्छ । विद्यालय स्वंयले पनि शैक्षिक सत्रको पहिलो महिना भित्र मात्र विद्यालय भर्ना अभियान सञ्चालन संगै पाठ्यपुस्तक वितरण

सम्वन्धीकार्ययोजना वनाई त्यसमा सम्वन्धित सरोकारवाला पक्षको सहयोग हुने प्रकारको आचारसहिंता वनाइ कडाइका साथ लागू गर्नुपर्ने देखिन्छ ।

## ५.३.२. कार्यान्वयन तह

विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन कार्यको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको प्र.अ. ले विद्यालय ब्यवस्थापन समितिको वैठक वाट प्रस्ताव पारीत गराइ समय सिमा भित्र निर्दिष्ट कार्य प्रभावकारीरुपमा सम्पन्न गर्न प्र.अ. शिक्षक, विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष लगायत अन्य पदाधिकारी विद्यार्थी अभिभावक स्रोतब्यक्ति एवं स्थानीय वुद्धीजिवी समाजसेवी र शिक्षाप्रेमीको लागि र उत्तरदायित्व सहितको खाका सम्वन्धित विद्यालयवाट शैक्षिक वर्ष शुरु हुनु अगावै पीरत गराउनुपर्ने देखिन्छ । पाठ्यपुस्तक वापतको रकम अगामी शैक्षिक वर्ष शुरु हुनु कम्तीमा एक महिना अगाडि जि.का.ले सम्वन्धित विद्यालयमा अनुमानित विद्यार्थीसंख्याको विश्वसनीय आँकलनको आधारमा निकासा दिइ एक महिना भित्रमा तोकिएको आधिकारीक विक्रेतावाट नियमपूर्वक खरिद गरी विद्यालयको पुस्तकालयमा आइपुग्ने ब्यवस्थाको ग्यारेण्टी हुनुपर्ने देखिन्छ । विद्यालयको वार्षिक नतिजा प्रकाशन गरी माथिल्लो कक्षामा भर्ना भएका विद्यार्थीहरु र नयाँ

भर्ना हुन आउने विद्यार्थीहरुलाई तथा उनीहरुको अभिभावक, स्थानीय समाजसेवी वुद्दिजिवी शिक्षाप्रेमीहरुलाई विद्यालयको औपचारीक निमन्त्रणा गरी पाठ्यपुस्तक वितरण स्थल ,समय तोकेर विद्यालयले निर्माण गरेको कार्ययोजना अनुसार सहयोग हुने ढंगले वितरण ब्यवस्थापन मिलाउनु पर्ने देखिन्छ  र त्यसको अनुगमन एवं मूल्याङ्कनको लागि स्रोत ब्यक्ति एवम् वि.नि. लाई आग्रह गर्नु पर्ने र सुपरीवेक्षण एवं सुझावको लागि स्थानीय पत्रकार, नागरिक समाजका प्रतिनिधिवाट हुने ब्यवस्था मिलाइनु उपयुक्त हुने देखिन्छ । औपचारिक वितरण कार्यमा वाँकीरहेको कार्यको लागि वाँकी अवधिको वितरण प्रभावकारी ढंगले सञ्चालन गर्न पुस्तकालयमा कामगर्ने ब्यक्ति, कक्षा शिक्षक एवं आवश्यकतानुसार विद्यालयका अनुभवी शिक्षकलाई दिनु उपयुक्त हुने देखिन्छ ।

## ५.३.३. अनुसन्धान तह

सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण सम्वन्धमा धेरै अनुसन्धानहरु नभएकोले यस विषयमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ ।सामुदायिक विद्यालयमा कक्षाएक

देखि दश सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई सरकारले पाठ्यपुस्तक वितरण गर्दै आएपनि यस सम्वन्धमा गहन अध्ययन अनुसन्धान नभएकोले यसमा कयौ कमजोरी पक्षहरु उजागर नभएर समस्या बढ्दै गइरहेकोले यस तर्फ थप अनुसन्धान गरी सुधार गर्नुपर्ने देखिन्छ । पाठ्यपुस्तक वितरण कार्य विद्यार्थी मैत्री नभएकोले विद्यार्थीहरुको सिकाइ सहभागिता कम भएको यस अध्ययनको क्रममा पाइयो । अतः पाठ्यपुस्तक जस्तो महत्वपूर्ण सामग्रीलाई विद्यार्थी मैत्री वनाउने सन्दर्भमा थप अध्ययन अनुसन्धान जरुरी छ । सामुदायिक विद्यालयको पाठ्यपुस्तक वितरण ब्यवस्थापनका वास्तविक समस्याहरु अझ मिहिन ढंगले खोजी हुनुपर्ने देखिन्छ । यसका समस्याहरु समाधानका प्रभावकारी उपायहरुको खोजीकोलागि अझ धेरै अनुसन्धानको जरुरी देखिन्छ । सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण गर्नु राज्यको दायित्व भित्र पर्दछ । तर के यो राज्यले आफूलाई लोककल्याणकारी देखाउनका लागि मात्रै हो कि ? वास्तवमै आमसमुदायलाई शिक्षा प्रदान गर्नु नै हो ? यो पनि अनुसन्धान कै विषय रहेको छ ।

# सन्दर्भसामग्रीहरु


अधिकारी, विष्णु (२०६७) *माध्यमिक शिक्षक दिग्दर्शन,*काठमाडौं :आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हरिप्रसाद (२०७०) *सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण चुनौती,* गोरखापत्र वर्ष ११३ (पौष २२) अंक २६१, पेज ६, काठमाडौं ।

*अन्तरिम योजना (२०६४)* राष्ट्रिय योजना आयोग (२०६४-२०६७) त्रिवर्षिय अन्तरिम योजना ।

आलेमगर, डम्बर बहादुर (२०६९) *दृष्टिविहिनहरुको अतिरीक्त क्रियाकलापमा सहभागिता* : ठाकुराम बहुमुखी क्याम्पस, वीरगञ्ज ।

खनाल, श्री प्रसाद र मुडवरि नवराज (२०५९) *शैक्षिक अनुसन्धानको परिचय*काठमाडौं :क्षितिज प्रकाशन प्रा.लि.।

घिमिरे कुमार (२०६८) *सामाहित शिक्षाको ब्यवस्थापनको अध्ययन* वीरगंज : शिक्षाशास्त्र संकाय ठाकुराम बहुमुखी क्याम्पस, वीरगञ्ज ।

घिमिरे, चोलाकान्त र साथीहरु (२०६९) *शिक्षक सफलता सौपान* शिक्षा परीक्षा सामग्री प्रकाशन केन्द्र, बागबजार, काठमाडौं ।

ढुङ्गाना, केशव (२०६२) *सार्वजनिक तथा निजी विद्यालयका छात्र र छात्राहरुको कक्षा कोठा तथा*

*अतिरिक्त क्रियाकलापमा सहभागिता तुलनात्मक अध्ययन,* शिक्षा शास्त्र सङ्काय कीर्तिपुर बहुमुखी क्याम्पस, काठमाडौं ।

थापा, तारावहादुर (२०६८) *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार*प्रशान्ती प्रकाशन काठमाडौं ।

ii

धिताल, नेत्र प्रसाद र साथीहरु (२०६९) *माध्यमिक शिक्षक दिग्दर्शन*पिनाकल पब्लिकेशन प्रा.लि. काठमाडौं ।

नेपाल सरकार (२०६३) *नेपालको अन्तरिम संविधान,* काठमाडौं, लेखक ।

वानिया, जगत (२०६९) *सामाजिक न्याय शिक्षा,* हाईल्याण्ड पब्लिकेशन, काठमाडौं ।

भट्टराई , केशवप्रसाद (२०६९) *सामुदायिक विद्यालय र विद्यार्थी संख्या,* सुकुना सौरभ अंक ३ ( वैशाख),पेज नं. ११।

शर्मा , चिरञ्जिवी र शर्मा, निर्मला (२०६८) *वालविकाश र सिकाइ,* काठमाडौं : एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिब्यूटस।

शिक्षक शिक्षा, शिक्षापत्रिका दूरशिक्षा पत्रिका एवं शिक्षा मन्त्रालय तथा शिक्षा विभागवाट प्रकाशित पत्रिकाहरुका विभिन्न अङ्कहरु ।

Rawls John (1971) *A theory of Justice*, retrieved on 11 -1-2012 from www.enotes.com/theory of social justice.

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन

## अनुसूचीहरु

### अनुसूची -१

### प्र.अ.को निम्ति खुला तथा वन्द प्रश्नावली

नाम : लिङ्ग : मिति :

विद्यालयको नाम : ………………………………………………………………………………

१. तपाईको विद्यालयमा (कक्षा १-१०) सम्म जम्मा कतिजना विद्यार्थीहरु छन् ?

उत्तर :- …………………………………………………………………………………………

२. तपाईले सम्पूर्ण विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गर्नुहुन्छ ?

उत्तर :-…………………………………………………………………………………………

३. तपाईलाई पाठ्यपुस्तक वितरणमा क-कसको सहयोग प्राप्तगर्नु भएको छ ?

उत्तर :-…………………………………………………………………………………………

४. पाठ्यपुस्तक वितरण गर्दा तपाईले भोग्नुपरेका मूख्य मूख्य समस्याहरु के के हुन् ?

उत्तर :-.............................................................................................................

५. पाठ्यपुस्तक वितरण गर्दा जि.शि.का. र स्रोतकेन्द्रवाट के कस्तो सहयोग प्राप्त गर्नु भएको छ ?

उत्तर :- जि.शि.का. .........................................................................................

स्रोतकेन्द्र .........................................................................................

iv

६. पाठ्यपुस्तक वितरणको लागि विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरु र

शिक्षकवाट के कस्तो सहयोग प्राप्त गर्नुभएको छ ?

उत्तर :- (क) सकृय (ख) निश्किय (ग) सामान्य (घ) सहयोग प्राप्त नभएको

७. पाठ्यपुस्तक वितरण ब्यवस्थापनलाई प्रभावकारी वनाउन विद्यालयले के कस्तो भूमिका

खेल्दा उपयुक्त हुन्छ भन्ने शुन्नुहुन्छ ?

उत्तर :-.............................................................................................................

८. पाठ्यापुस्तक वितरण ब्यवस्थापन लाई थप प्रभावकारी वनाउन जि.शि.का. र

स्रोतकेन्द्रले के कस्तो भूमिका खेल्दा उपयुक्त हुने देख्नुहुन्छ ?

उत्तर- जि.शि.का. ..........................................................

स्रोतकेन्द्र ..........................................................

९.पाठ्यापुस्तक वितरण ब्यवस्थापनमा शिक्षकवाट के कस्तो सहयोग हुनुपर्ने देखिन्छ ?

उत्तर :- ............................................................................

१०. पाठ्यापुस्तक वितरण ब्यवस्थापनलाई प्रभावकारी बनाउन अभिभावकको भूमिका के कस्तो हुनुपर्दछ ?

उत्तर :-.........................................................................................................

११. पाठ्यापुस्तक वितरण ब्यवस्थापनमा विद्यार्थी सक्रियता कतिको आवश्यक ठान्नुहुन्छ ?

उत्तर :-...................................................................................................

v

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन

## अनुसूची -२

### शिक्षकको निम्ति खुला तथा वन्द प्रश्नावली

नाम :- लिङ्ग :- मिति :-

विद्यालयको नाम :-

१. तपाईको विद्यालयको कून कून कक्षामा अध्यापन गर्नुहुन्छ ?

उत्तर :-..................................................................................................

२. तपाई कून कून कक्षामा कूनकून विषय अध्यापन गर्नुहुन्छ ?

उत्तर :- कक्षा :- विषय :-

३. तपाईले अध्यापन गर्दैआउनुभएका कक्षाका सवै विद्यार्थीहरुले पाठ्यपुस्तक प्राप्त गर्न

सकेका छन् ?

उत्तर :-............................................................................................................

४. तपाईको विद्यार्थीहरुले तपाईले अध्यापन गर्ने विषयका पाठ्यपुस्तक शैक्षिकवर्षको कून महिना सम्ममा प्राप्त गरेका थिए ?

उत्तर :-......................................................................................................

५. तपाईले पाठ्यपुस्तक वितरणमा विद्यालयलाई के कस्तो सहयोग गर्दै आउनुभएको छ ?

उत्तर :-..........................................................................................................

vi

६. तपाईको विचारमा पाठ्यपुस्तक वितरणमा देखापरेका मूख्य मूख्य समस्याहरु के के हुन ?

उत्तर :-

७. तपाईको विचारमा पाठ्यपुस्तक वितरणलाई प्रभावकारी व्यवस्थापन गर्न विद्यालयले के कस्तो कार्यकम ल्याउनु उपयुक्त ठान्नु हुन्छ ?

उत्तर :-..............................................................................................................

८. पाठ्यपुस्तक वितरण व्यवस्थापनमा तपाईको विद्यालयका शिक्षकहरुको भूमिकालाई कसरी मूल्याङ्कन गर्नु भएको छ ?

उत्तर :-.............................................................................................................

९. तपाईको विचारमा पाठ्पुस्तक वितरण ब्यवस्थापनमा शिक्षकले खेल्नुपर्ने थप भूमिकाको सम्वन्धमा के के सुझाव दिनुहुन्छ ?

उत्तर :-..........................................................................................................

१०. तपाईको विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनमा विद्यार्थीलाई कसरी प्रोत्साहन गर्नुपर्छ भन्ने ठान्नुहुन्छ ?

उत्तर :-....................................................................................................

vii

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन

## अनुसूची -३

## विद्यार्थीको निम्ती खुला तथा वन्द प्रश्नावली

नाम :- लिङ्ग :- मिति :-

विद्यालयको नाम :-

१. तपाई कति कक्षामा अध्ययन गर्नुहुन्छ ?

उत्तर :- ...................................................................................................

२. तपाईको कक्षामा कति जना विद्यार्थीहरु छन् ?

उत्तर :-....................................................................................................

३. तपाईको कक्षाका सवै विद्यार्थीहरुले सवै विषयको नयाँ पाठ्यपुस्तक प्राप्त गरेका छन् ?

उत्तर :- .................................................................................................

४. सवै पाठ्यपुस्तकहरु शैक्षिक सत्रमै शुरुमा नै पाउनु भयो कि भएन ?

उत्तर :- ...................................................................................................

५. कुन - कुन समयमा कुन - कुन पुस्तक पाउनु भयो ?

उत्तर :- ....................................................................................................

६. पाठ्यपुस्तक विद्यालयवाट प्राप्त गर्दा कुनै प्रकारको कठिनाइ महसुस भयो कि भएन :

उत्तर :-............................................................................................

viii

७. तपाईको विचारमा विद्यालयले विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गर्दा परेका कमी कमजोरीहरु के के हुन् ?

उत्तर :-.............................................................................................

८. तपाईको विचारमा विद्यालयले सवै विद्यार्थीहरुलाई सजिलै र समयमानै पाठ्यपुस्तक वितरण गर्न के के गर्नुपर्ला ?

उत्तर :-..................................................................................................

९. विद्यार्थीहरुले विद्यालयलाई पाठ्यपुस्तक वितरण गर्न के कस्तो सहयोग गर्नुपर्ला ?

उत्तर :-.............................................................................................................

१०. विद्यालयवाट पाठ्यपुस्तक वितरणवाट विद्यार्थीहरु वढी लाभान्वित हुन विद्यार्थीहरुलाई के के सुझाव दिनुहुन्छ ?

उत्तर :-.............................................................................................................

ix

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन

## अनुसूची ४

## स्रोतब्यक्तिका निम्ति खुला तथा वन्द प्रश्नावली

नाम : लिङ्ग : मिति :

स्रोतकेन्द्रको नाम :

१. पाठ्यपुस्तक वितरण ब्यवस्थापनमा स्रोतकेन्द्रको तर्फवाट विद्यालयलाई तपाईले गर्दै

आउनु भएको सहयोग के कस्ता छन् ?

उत्तर :-..................................................................................................

२. पाठ्यपुस्तक वितरण ब्यवस्थापन गर्दा विद्यालयले अहिलेसम्म ध्यान नपुऱ्याएका पक्षहरु

के -के ठान्नुहुन्छ ?

उत्तर :-..................................................................................................

३. पाठ्यपुस्तक वितरण गर्दा स्रोतकेन्द्रले चाहेर पनि गर्न नसकेका कार्यहरु के के हुन् ?

उत्तर :-...............................................................................................

४. तवाईको विचारमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनका मूख्य र समस्याहरु के -के

हुन् ?

उत्तर :-....................................................................................................

x

५. तवाईको विचारमा पाठ्यपुस्तक वितरणको सर्न्दभमा के कस्तो नीतिगत सुधारको

आवाश्यक छ ?

उत्तर :-.....................................................................................................

६. तपाईको विचारमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन कार्यक्रमको प्रभावकारी

कार्यान्वयनको लागि प्र.अ., विद्यालय ब्यवस्थापन समिति र शिक्षकले के कस्तो भूमिका

खेल्नुपर्दछ ?

उत्तर : प्र.अ. ले खेल्नुपर्ने भूमिका ..................................................

शिक्षकले खेल्नुपर्ने भूमिका ..................................................

विद्यालय व्यवस्थापन समितिले खेल्नुपर्ने भूमिका ..................................

७. तपाई पाठ्यपुस्तक वितरण व्यवस्थापनमा अभिभावक र विद्यार्थीको भूमिका थप प्रभावकारी वनाउन के के सुझाव दिनुहुन्छ ?

उत्तर : अभिभावकको लागि सुझाव ..............................................................

विद्यार्थीको लागि सुझाव ..................................................................

xi

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन

## अनुसूची - ५

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका निमित खुला तथा वन्द प्रश्नावली

नाम : लिङ्ग : मिति :

विद्यालयको नाम :

१. तपाई कति समय देखि विद्यालय व्यवस्थापन समितिको अध्यक्षको रुपमा काम गर्दै आउनु भएको छ ?

उत्तर :-...........................................................................................

२. तपाईले यस विद्यालयमा यो शैक्षिक सत्रमा पाठ्यपुस्तक वितरण गर्न समितिको तर्फवाट र ब्यक्तिगत तर्फवाट के के सहयोग पुऱ्याउनु भयो :

उत्तर :- विद्यालय ब्यवस्थापन समितिको तर्फवाट .......................................................

ब्यक्तिगत तर्फवाट ...........................................................................

३. तपाईको विद्यालयमा पाठ्यपुस्तक वितरण गर्दा आइपरेका मूख्य मूख्य समस्याहरु के के हुन् ?

उत्तर :-...................................................................................................

४. विद्यालयमा पाठ्यपुस्तक वितरण गर्दा अभिभावक एवं विद्यार्थीहरुवाट प्राप्त भएका गुनासाहरु के के हुन् ?

उत्तर :-............................................................................................

५. तपाईको विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापनलाई थप प्रभावकारी वनाउन तपाइ के के सुझाव दिनुहुन्छ ?

उत्तर :-.......................................................................................................

xii

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन

**अनुसूची -६ (क)**

## सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन विद्यालय अवलोकन फारम

विद्यालयको नाम : ..........................................................................................

स्रोतकेन्द्रको नाम : ...................................................................................

| क.सं. | अवलोकन सूची | वर्तमान अवस्था | | | |
|---|---|---|---|---|---|
| | | उच्चस्तरीय | मध्यमस्तरीय | सामान्य | निम्न |
| १. | पाठ्यपुस्तक वितरणमा विद्यार्थी उत्प्रेरणा | | | | |
| २. | पाठ्यपुस्तक वितरणमा शिक्षकको सकियता | | | | |
| ३. | पाठ्यपुस्तक वितरणमा शिक्षकको सहयोग | | | | |
| ४. | विद्यार्थी सकियता | | | | |
| ५. | प्र.अ.को सहयोग | | | | |
| ६. | विद्यार्थी संतुष्टी | | | | |
| ७. | पाठ्यपुस्तक वितरण गर्नेकोठा | | | | |
| ८. | पाठ्यपुस्तक वितरणमा वि.ब्य. समितिको अध्यक्षको सहभागिता | | | | |
| ९. | पाठ्यपुस्तक वितरण गर्ने प्रकिया | | | | |
| १०. | विद्यालयको वातावरण | | | | |
| ११. | पठ्यपुस्तकको अवस्था | | | | |
| १२. | पाठ्यपुस्तक वितरण गर्ने समय तालिका | | | | |
| १३. | अनुगमन एवं मूल्याङ्कनको अवस्था | | | | |

## अनुसूची -६ (ख)

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन विद्यालय अवलोकन फारम

विद्यालयको नाम : ..........................................................................................

स्रोतकेन्द्रको नाम : ..................................................................................

| क.सं. | अवलोकन सूची | मौजुदा अवस्था | | कैफियत |
|---|---|---|---|---|
| | | भएको | नभएको | |
| १. | प्र.अ., शिक्षक, कर्मचारी र व्यवस्थापन समितिको अभिलेख | भएको | | |
| २. | हाजिरी रेकर्ड फाइल | भएको | | |
| ३. | वैठक पुस्तिका र अभिलेख | भएको | | |
| ४. | निरीक्षण पुस्तिका | भएको | | |
| ५. | वार्षिक कार्यपात्रो | भएको | | |
| ६. | वार्षिक शैक्षणिक योजना | भएको | | |
| ७. | शिक्षण सुधार योजना | भएको | | |
| ८. | पाठ्यक्रम कार्यन्वयन योजना | भएको | | |
| ९. | दैनिक समय तालिका | भएको | | |
| १०. | परीक्षा रेकर्ड फायल | भएको | | |
| ११. | अतिरीक्त कियाकलाप सम्वन्धी अभिलेख र रेकर्ड फायल | भएको | | |
| १२. | कक्षागत /विषयगत /तहगत सिकाइ उपलब्धी अभिलेख | भएको | | |
| १३. | विद्यालय व्यवस्थापकीय संरचना चार्ट | भएको | | |
| १४. | त्रैमासिक /अद्धवार्षिक परीक्षाको सिकाइ उपलब्धी अभिलेख | भएको | | |

| | | | | |
|---|---|---|---|---|
| १५. | विद्यार्थीले पाठ्यपुस्तक वुभ्किलिएको भर्पाइको अभिलेख | भएको | | |
| १६. | आन्तरिक र सामाजिक लेखापरीक्षण | भएको | | |
| १७. | आन्तरिक र सामाजिक लेखा प्रतिवेदन | भएको | | |
| १८. | आर्थिक अभिलेख | भएको | | |
| १९. | पाठ्यपुस्तक वितरण सम्बन्धी निर्देशिका | | नभएको | |
| २०. | माथिल्लो निकायका चिठ्ठी/निर्देशन रेकर्ड फायल | भएको | | |
| २१. | स्रोत केन्द्रको प्र.अ.वैठकको जानकारी गराउने परम्परा | भएको | | |
| २२. | जिल्ला स्तरीय प्र.अ.वैठकको जानकारी गराउने परम्परा | | नभएको | |
| २३. | व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको वैठकका निर्णय जानकारी गराउने परम्परा | | नभएको | |
| २४. | विद्यालयको योजना निर्माणमा सरोकारवालालाई जानकारी गराउने परम्परा | | नभएको | |
| २५. | विद्यालयको आर्थिक गतिविधी सम्वन्धी प्रतिवेदन सरोकार वालालाई जानकारी गराउने परम्परा | | नभएको | |

# सामुदायिक विद्यालयमा पाठ्यपुस्तक वितरण व्यवस्थापन

## अनुसूची -७

**नमूना छनोटमा परेका विद्यालयका प्र.अ., व्यवस्थापन समितिका अध्यक्ष एवं स्रोतव्यक्तिको नामावली**

| क.सं | नाम | पद | विद्यालयको नाम /स्रोतकेन्द्र |
|---|---|---|---|
| १. | श्री राम सेवक यादव | स्रोत व्यक्ति | स्रोतकेन्द्र -वनरझूला सप्तरी |
| २. | श्री सूर्य नारायण चौधरी | नि.प्र.अ. | श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर |
| ३. | श्री रामचन्द्र मेहता | प्र.अ. | श्री जनता मा.वि. लालपट्टी |
| ४. | श्री लक्ष्मी विश्वकर्मा | प्र.अ. | श्री रा.प्रा.वि.कल्याणपुर-३, सप्तरी |
| ५. | श्री कमल नारायण चौधरी | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति | श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर |
| ६. | मो. नजवुल मियाँ | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति | श्री जनता मा.वि. लालपट्टी |
| ७. | भोला मियाँ | अध्यक्ष, विद्यालय व्यवस्थापन समिति | श्री रा.प्रा.वि.कल्याणपुर-३, सप्तरी |

# सामुदायिक विद्यालंयमा पाठ्यपुस्तक वितरण ब्यवस्थापन

## अनुसूची -८

### नमूना छनौटमा परेका विद्यालयका शिक्षकहरुको नामावली

| क.सं | नाम | पद/तह | विद्यालयको नाम |
|---|---|---|---|
| १. | श्री राम सेवक यादव | मा.वि.शिक्षक | श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर |
| २. | श्री विन्देश्वर मण्डल | नि.मा.वि.शिक्षक | श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर |
| ३. | श्री रासेन्द्र प्रसाद यादव | प्रा.वि. शिक्षक | श्री भ.स.रा.ज.उ.मा.वि.कल्याणपुर |
| ४. | मो.नुर | मा.वि.शिक्षक | श्री जनता मा.वि. लालपट्टी |
| ५. | श्री वृजलाल पाल | नि.मा.वि.शिक्षक | श्री जनता मा.वि. लालपट्टी |
| ६. | मो. नसिर | प्रा.वि. शिक्षक | श्री जनता मा.वि. लालपट्टी |
| ७. | शकुन्तला विश्वकर्मा | प्रा.वि. शिक्षक | श्री रा.प्रा.वि.कल्याणपुर-३, सप्तरी |
| ८. | देवु मण्डल | प्रा.वि. शिक्षक | श्री रा.प्रा.वि.कल्याणपुर-३, सप्तरी |
| ९. | लक्ष्मी प्रसाद साह | प्रा.वि. शिक्षक | श्री रा.प्रा.वि.कल्याणपुर-३, सप्तरी |